*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
**४२५९११० (संघाराम विहार, ढल्को)**

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५७
नेपाल सम्वत् ११३४
इस्वी सम्वत् २०१३
बिक्रम सम्वत् २०७०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |

# धर्मकीर्ति


**(बौद्ध मासिक)**

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**15th NOVEMBER 2013**

| वर्ष- ३१ | अङ्क- ७ | सकिमना पुन्हि | मंसिर २०७० |
|---|---|---|---|




सुसज्जित राजाको रथ जीर्ण भएर गए जस्तै यो देह (शरीर) पनि जीर्ण भएर जान्छ, तर साधु सन्तको धर्म जीर्ण हुँदैन । सन्तहरू सन्तकै अगाडि यही कुरा बताउँछन् ।

अज्ञानी मानिस गोरु जस्तै बढ्छ । तर उसको शरीरको मासु बढे जस्तै प्रज्ञा भने बढ्दैन ।

यौवन अवस्थामा धन नकमाएर, ब्रह्मचर्य नियम पालन नगरेर बस्ने व्यक्तिले माछा नभएको पोखरीमा ढुकेर क्रोंच पंक्षीले जीवन खेर फाले जस्तै उसले आफ्नो जीवन खेर फाल्नु पर्ने हुन्छ ।

हाम्रो यो शरीर (रुप) जीर्ण भएर जाने, रोगको घर हो । अत्यन्त क्षण भंगुर गन्हाउने यो शरीर मरण पछि जीवनको अन्त्य हुनेछ ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# वर्षावासको उपलब्धि

"**अयं वस्सान कालो**" अर्थात् यो वर्षावासको समय हो । श्रावण पूर्णिमा देखि आश्विन पूर्णिमा तीन महिनासम्म एउटै विहारमा रही वर्षावास बस्ने भिक्षु भिक्षुणीहरूको नियम बुद्धकालिन समय देखि नै चल्दै आइरहेको देखिन्छ । भिक्षुहरूले पालन गर्न बिर्सिरहेको विनयलाई यस वर्षावास कार्यक्रमले पुनः स्मरण दिलाउने गर्छ । किनभने वर्षावास बस्नु अगाडि विनय कर्म गर्ने उपोसथ गृहमा भिक्षुहरू जम्मा हुनुभई आपत्ति देशना अर्थात् एक आपसमा आत्मालोचना गरिसके पछि प्रातिमोक्ष नियमवाचन गर्नुपर्ने प्रथा रहेको छ। यस कार्यक्रममा भिक्षुहरूको विनय नियमहरू स्मरण गर्ने कार्य हुन्छ ।

वर्षावास तीन महिनाको नियम पूरा भएपछि भिक्षु संघलाई कथिन चीवर दान गर्ने पुण्यकार्य हुन्छ । यस कार्यक्रममा हजारौं श्रद्धालु उपासक उपासिकाहरू सहभागी हुन्छन् भने धर्म उपदेश सुन्ने र दान प्रदानको कार्यक्रम हुने गर्छ। यस पूण्य कार्यमा श्रद्धावान् व्यक्तिहरू सहभागी हुने गर्छन् ।

नेपालमा वर्षावास अवधिभित्र गुँला पर्व पनि पर्दछ । गुँला पर्व गुणधर्म वृद्धि गर्ने महिना पनि हो । गुँला पर्वमा आनन्दकुटी, धर्मकीर्ति, संघाराम, श्रीघः, आनन्द भूवन, गण महाविहार आदि विभिन्न विहारहरूमा बुद्धपूजा, धर्मोपदेश र विपश्यना ध्यान आदि जस्ता पूण्य कार्यहरू सञ्चालन हुनेगर्छ। यी त भए हालसालको उपलब्धीमूलक कार्यहरू । वर्षावास अवधि भित्रमा बुद्धकालिन समयमा थुप्रै श्रद्धालु धार्मिक व्यक्तिहरूले उपलब्धिमूलक ज्ञानहरू हासिल गरी भाग्यमानी हुन सफल भएका घटनाहरू पाइन्छन्। ती घटनाहरू मध्ये तल उल्लेखित घटना पनि एक हो ।

बुद्धकालीन समयमा ३० जना भिक्षुहरू एक गाउँतर्फ वर्षावास बस्नको लागि गइरहनु भएका थिए । उक्त गाउँमा मातिका माता नाम गरेकी एक श्रद्धावान् उपासिकाले उहाँ भन्तेहरूलाई भेटिन् र सोधिन्– "भन्तेहरू ! कहाँ जान लाग्नु भएको ?"

भिक्षुहरू– "वर्षावास बस्नका लागि अनुकुल स्थानको खोजीमा आएका हौं ।"

उपासिका– "त्यसो भए म यहिं नजिकको जङ्गलमा तपाईंहरूको लागि कुटी बनाइदिनेछु । तपाईंहरू त्यहिं वर्षावास बस्नुहोला । त्यहिं नजिकको गाउँमा भिक्षाटन जान मिल्नेछ । भन्तेहरू त्यहाँ वर्षावास बस्नुभयो भने तीन महिनासम्म मैले अखण्ड रुपले पञ्चशील पालन गर्नेछु ।"

यसरी मातिकामाता उपासिकाले नजिकको जङ्गलमा भन्तेहरूको लागि कुटी बनाइदिनुभयो । भिक्षुहरूले भगवान् बुद्धले सिकाउनुभएको अशुभ भावना (आफ्नो शरीरमा रहेका केश, रौं, नङ्ग, दाँत, छाला आदि गरी ३२ प्रकारका पदार्थहरूलाई) भित्री मनले सम्झने गर्न थाल्नुभयो । आफ्नो शरीर भरिका अशुभ तत्त्वहरू पनि अनित्य र नश्वर भएर गइरहेको यथार्थतालाई भित्री मनले हेर्दै जानुभयो ।

मातिका माता उपासिकाले पनि भन्तेहरूको तर्फबाट अशुभ भावना गर्ने विधि सिकेर यसलाई अभ्यास गर्न थालिन् । भित्री मन देखि नै प्रयासरत रहेकी मातिका माताले केही हप्ता भित्रमा नै श्रोतापन्न, सकृदागामी, ज्ञान लाभ गर्न सफल भइन् । त्यतिमात्र होइन उनीले परचित्त ज्ञान (अरूको मनको कुरा थाहा पाउन सक्ने ज्ञान) समेत प्राप्त गरिन् । परचित्त ज्ञान प्राप्त गरेकी उपासिकाले सोचिन्–

"मैले भन्तेहरूबाट यसरी आध्यात्मिक ज्ञान प्राप्त गर्ने विधि सिकेर अभ्यास गर्दै जाँदा धेरै ज्ञान प्राप्त गर्न सफल भएँ । मैले त यसरी ज्ञान प्राप्त गरें भने भन्तेहरूले त अझ मैले भन्दा बढी ज्ञान प्राप्त गर्न सफल हुनु भएको होला ।"

यति सोची उनीले आफूले प्राप्त गरेको परचित्त ज्ञानको माध्यमले भन्तेहरूको मनको ज्ञानलाई विचार गरेर हेर्न थालिन् । उनीले थाहा पाइन्–



Downloaded from http://www.dhamma.digital

"भन्तेहरूले त आध्यात्मिक ज्ञान केही पनि प्राप्त गर्न सक्नुभएको रहेनछ।"

यसको कारण के होला ? कारणलाई नियालेर हेर्दा उनीले थाहा पाइन्–

भन्तेहरू रहनुभएको कुटीमा पानी चुहिँदो रहेछ। उहाँहरूको खाना पनि गतिलो रहेनछ। शरीरले चाहे अनुसारको खानाको मात्रा पुग्न सकिएन भने पनि मगजको चिन्तन शक्तिमा कमी कमजोरी हुने गर्दोरहेछ। चिन्तन शक्तिमा कमी भएपछि यथा समयमा ज्ञान प्राप्त गर्न नसक्नु स्वभाविक नै थियो।

भन्तेहरूले ज्ञान प्राप्त गर्न नसक्नुको प्रमुख कारण थाहा पाएकी मातिका माताले भन्तेहरू बस्नुभएको कुटीमा मर्मत सम्भार गरिदिइन्। अनि भन्तेहरूलाई आफ्नो घरमा निमन्त्रणा गरी उचित आहार दान गर्दै भनिन्–

"भन्ते तपाईंहरूलाई जुन स्वाद मन पर्ने हो, त्यो स्वादको खाना छानी आहार सेवन गर्नुहोस्।"

यति भनी उनीले नुनीलो, पीरो, गुलियो र अमिलो आदि गरी विभिन्न स्वादका परिकारहरू बनाई भोजन दान दिने गर्न थालिन्। भन्तेहरूले आफूलाई मन पर्ने स्वाद अनुसारको उचित आहार उचित मात्रामा सेवन गर्न पाउनुभयो र उचित प्रबन्ध सहितको वास स्थानमा ध्यान भावना गर्न पाउनु भएकोले केही दिनमा नै भन्तेहरूले स्रोतापन्न सम्मको ज्ञान प्राप्त गर्न सफल हुनुभयो। यसरी उपासिकाले भन्तेहरूको तर्फबाट ज्ञान प्राप्त गरी भाग्यमानी बन्न सफल भइन् भने भन्तेहरूले पनि मातिका माता उपासिकाको उचित सहयोग प्राप्त गरी स्रोतापन्न सम्मको ज्ञान प्राप्त गर्न सफल हुनुभयो।

यस बुद्धकालिन घटनामा भन्तेहरूको समूह र उपासिकाले वर्षावासको उचित फाइदा प्राप्त गर्न सके जस्तै चाह्यौं भने हामीले वर्षावासको महत्त्वलाई बुझी बुद्ध शिक्षाको अभ्यास गरी अमूल्य फाइदा लिन सक्नेछौं। त्यसैले भगवान् बुद्धले भन्नु भएकोछ– बुद्ध शिक्षालाई चिरस्थायी गर्नको लागि भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरू समेत गरी चारवटा समूहको पारस्परिक सहयोग अत्यन्त आवश्यक छ। ❖

## अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–८

*अनुवाद*– **देवकाजी शाक्य**

– ७३ –

– समानतावादले विश्वका असमानतालाई तोड्न लगाउँछ।

– मानवतावादले हामीमा जीवनका सद्‌गुणहरूलाई जगाइदिन्छ।

– ७४ –

– पर्यावरण विज्ञानले बिग्रेका वातावरणलाई सुधारिदिन्छ।

– प्रतित्यसमुत्पादले विवेकशील कार्यहरू गर्न लगाउँछ।

– ७५ –

– बुद्धले सिकाउनु भएको आर्य सत्यलाई विश्वास गर्नु असल हो। कारण परिणाम नियम पालन गर्नु र बुझ्नु राम्रो हो। *क्रमशः*

## मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा

*२०७० आश्विन २६ गते।* यसदिन मैत्री बोधिसत्त्व विहारमा आयोजित मासिक बुद्धपूजा कार्यक्रममा केशावती गुरूमांले बुद्धपूजा कार्यक्रम संचालन गर्नुभई धर्मदेशना गर्नुभएको थियो। धर्मकीर्ति ज्ञानमाला भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गरिएको उक्त कार्यक्रममा उपासिका प्रभावती स्थापित र अजय स्थापित सपरिवारको तर्फबाट जलपानको व्यवस्था मिलाउनु भई पुण्य सञ्चय गर्नु भएको थियो।

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना २०७० मा**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| आश्विन २६ गते, शनिवार | अमता गुरुमां | वीर्यवती गुरुमां |
| कार्तिक १ गते, शुक्रवार | वण्णवती गुरुमां | धम्मवती गुरुमां |
| कार्तिक १० गते, आइतवार | क्षान्तिवती गुरुमां | धम्मवती गुरमां |
| कार्तिक १७ गते, औंसी | सुवण्णवती गुरुमां | केशावती गुरुमां |

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

*क्र.सं. ७९२*

**लक्ष्मी सुन्दरी शाक्य**

श्रीघः, नःघः, काठमाडौं

रु. १०००/–



Downloaded from http://www.dhamma.digital

# धम्मपद २६७–२६८

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**दिवा तपति आदिच्चो – रत्तिं आभाति चन्दिमा**
**सन्नद्धो खत्तियो तपति – झायी तपति ब्राह्मणो**
**अथ सब्ब महोरत्तिं – बुद्धो तपति तेजसा**

*अर्थ–* दिनमा सूर्य जाज्वल्यमान भई चम्किन्छ, रातमा चन्द्रमा । क्षेत्रीय महाराजाहरू पनि राम्रा, असल पहिरणले तेजस्वी हुन्छ, क्षीणाश्रव हुँदै ध्यानी ब्राह्मण पनि समाधिमा संलग्न हुँदा चमक भएको हुन्छ, बुद्ध आफ्नो तेजज्योतिले रात दिन जाज्वल्यमान भइरहन्छ ।

*घटना–* उपरोक्त गाथा भगवान बुद्धले श्रावस्तीमा मिगार माताको पासादमा (पूर्वाराम विहार) बस्नु हुँदा भन्नु भएको थियो ।

एकदिन कोशल देशका महाराजा प्रसेनजीत महापवारणाका लागि भव्य पहिरण, गर गहना लगाई सुगन्ध, फूलमाला हातमा बोकी विहारमा आए । त्यस समयमा कालुदायी स्थविर ध्यानमा बसी उपस्थित परिषदको सबभन्दा छेउमा बसीरहेका थिए । तिनको शरीर अत्यन्त सुन्दर प्रसन्न मुद्रामा स्वर्ण वर्ण समान देखिन्थ्यो ।

त्यो बेला सूर्य अस्ताउन लागेको र चन्द्रमा उदाउन लागेको समय थियो ।

आनन्द स्थविरले अस्ताउन लागेको सूर्य र उदाउन लागेको चन्द्रमाको ज्योति हेरे, अनि महाराजाको शरीरको ज्योति र स्थविरको पनि ज्योति चारवटै हेरीरहे । त्यहाँ ती चारवटैको ज्योति भन्दा पनि अत्यन्त राम्रो तथागत शास्ताको ज्योतिपुञ्ज जाज्वल्यमान भइरहेको थियो । आनन्द स्थविरले तथागतलाई वन्दना गरी भने– "भन्ते ! आज मैले ज्योति (=ओभास) हेरीरहँदाखेरि तथागतको ज्योति नै सबैभन्दा राम्रो ज्योति भएको देखें । तथागतको ज्योति मलाई अति मन पऱ्यो । तथागतको शरीरबाट निस्केको ज्योतिले अरु अरु ज्योतिलाई अतिक्रमण गरी जाज्वल्यमान भइराखेको छ ।"

अनि उनको कुरालाई लिएर भगवान बुद्धले भन्नुभयो– "हे आनन्द ! सूर्य दिनमा मात्र जाज्वल्यमान हुन्छ, चन्द्रमा राती । महाराजाहरू राम्रा असल पहिरण लगाउँदासम्म जाज्वल्यमान हुन्छ, फेरि क्षीणाश्रवहरू आफ्नो समूहलाई छोडी समापति ध्यानमा बसुन्जेल मात्र जाज्वल्यमान हुन्छ । बुद्धहरू त दिनमा पनि, रातमा पनि पाँच प्रकारको तेजश्वीज्योतिले जाज्वल्यमान भइरहन्छ ।"

यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । यस धर्म देशनाको अन्तमा धेरै मानिसहरू स्रोतापति मार्गमा प्रतिष्ठित भए ।

## धम्मपद–२६८

**बाहितपापोति ब्राह्मणो, समचरियाय समणोति वुच्चति**
**पब्बाजयत्तनो मलं, तस्मा पब्बजितोति वुच्चति**

*अर्थ–* जसले आफ्नो पापलाई धोइसकेको हुन्छ, उसलाई ब्राह्मण भन्दछ । जसले समता भावले आचरण गर्दछ, त्यसलाई श्रमण भन्दछ, आफ्नो मल-फोहर रुपि अकुशललाई हटाइसकेको भएर त्यसलाई प्रव्रजित भन्दछ ।

*घटना–* उपरोक्त गाथा भगवान बुद्धले श्रावस्ती जेतवन विहारमा बस्नु हुँदा कुनै एक ब्राह्मण प्रव्रजितको कारणमा भन्नुभएको थियो ।

त्यस समय एउटा ब्राह्मण बुद्धको अलावा कुनै अरु नै गुरुकहाँ प्रव्रजित भएका थिए । एकदिन उसले विचार गऱ्यो– "श्रमण गौतमले आफ्ना श्रावकहरूलाई प्रव्रजित भनेर भन्नुहुन्छ । म पनि प्रव्रजित भइसकेको छु । मलाई पनि उहाँले आफ्ना शिष्यहरूलाई जस्तै प्रव्रजित भन्नुपर्छ ।"

भगवान बुद्धकहाँ गएर उसले यही कुरा भन्न गयो । भगवान बुद्धले भन्नुभयो– "हे ब्राह्मण ! केवल प्रव्रजित हुँदैमा म त्यसलाई प्रव्रजित भन्दिन । जसले चित्तको मयल (मल) फोहररुपी क्लेशलाई हटाइसकेको हुन्छ, त्यसलाई नै म साँचैको प्रव्रजित भन्दछु ।"

यसरी आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । धर्मदेशनाको अन्तमा त्यो ब्राह्मण श्रोतापत्ति फलमा प्रतिष्ठित भए । त्यहाँ भेला भएका मानिसहरूलाई पनि धर्मदेशना सार्थक भयो । ❖



Downloaded from http://www.dhamma.digital

# अग्रपाल राजवैद्य जीवक–२

✍ सत्यनारायण गोयन्का

जीवक यस्तो देखेर निराश भए । जो व्यक्ति यति घ्यू पनि फ्याँक्न सक्दैन, यस्तो व्यक्तिले मलाई कति पैसा देला ? मैल मिसाएको औषधिको पैसा पनि उठ्ने छैन । यस्तो सोचेर बसे । जीवकको मनको भाव बुझेर सेठानीले भने– "हेर वैद्यराज म एकजना श्रेष्ठीकी पत्नी हुँ, कुशल गृहिणी हुँ । व्यापारी भएको हुनाले फाईदा कसरी हुन्छ सोच्नु स्वाभाविक हो । कुनै पनि वस्तु फाल्नु अघि सोच्नु पर्छ । यो घ्यू खानको लागि उपयोग नगरे पनि दास-दासिहरूको खुट्टामा लगाउन, बत्ती बाल्न काममा आउने छ । त्यसैले भाँडोमा राख्न दिएकी हुँ । तिमी चिन्ता नगर्नु, यदि मेरो रोग निको भयो भने तिमीलाई राम्रो पैसा दिनेछु ।

औषधिले काम गर्‍यो, सेठानीको टाउको दुख्ने रोग निको भयो । सात वर्ष पुरानो रोग जीवकको एक पटकको उपचारबाट निको भयो । सेठानी दंग परिन् । उनले जीवकलाई चारहजार मुद्रा दिइन् । आमाको रोग मुक्त भएको देखेर छोरो खुसी भए र उनले जीवकलाई चार हजार मुद्रा दिए । त्यस्तै सासूको रोग निको भएको देखेर बुहारीले पनि चारहजार मुद्रा दिइन् । पत्नी स्वस्थ भएको देखेर पति खुसी भए र चार हजार मुद्रा एकजना दास, एकजना दासी र घोडा सहितको एउटा रथ उपहार दिए ।

यति धेरै धन लिएर जीवक घर फर्के । आफ्नो पहिलो कमाई आफ्नो बुबालाई सुम्पिदिए । जीवक फर्केको देखेर सबै प्रसन्न भए । त्यस समय बिम्बिसार लाई भगंदरको रोग थियो । जीवकले त्यस रोगको उपचार गरिदिए । राजा प्रसन्न भएर पाँच सय नारीहरूलाई गहनाले भब्य सजाए र ती गहना सबै जीवकलाई उपहार दिए । यस्तो चिकित्सा गुणद्वारा सम्पन्न देखेर बिम्बिसारले दरवार तथा भगवान बुद्ध र उहाँको भिक्षु संघको चिकित्सा सेवा गर्ने आदेश दिए । दरवारको सेवा गर्ने हुनाले जीवक राजवैद्यको रूपमा प्रसिद्ध भए । भगवानको उपचार गर्ने भएकोले धर्मको सम्पर्कमा आए । मुक्तिपथको सम्पर्ककमा आए ।

जीवकले भगवानको शरण ग्रहण गरे । यसरी अत्यन्त श्रद्धालु उपासक शिष्य बने र पछि उनले स्रोतापन्न अवस्थाको ज्ञान साक्षात्कार गरे । उनले सोचे म त शारीरिक रोगको उपचार गर्छु । शल्यक्रिया गरेर शरीरको रोग निको पार्छु तर भगवान जन्म-जन्मको दुःखी व्यक्तिहरूको मनोविकार हटाएर विकारका ग्रन्थिहरू फुकाउने विद्या सिकाउनु हुन्छ । भवबाट मुक्त गराउनु हुन्छ । उनले पनि आफू भित्र रहेको भव संस्कारलाई हेर्दै हेर्दै अधोगति तर्फ लाने सबै कर्म संस्कारलाई हटाए । फलस्वरूप अनित्य धर्म, शरीर र चित्त भन्दा पर नित्य शास्वत ध्रुव धर्मको साक्षात्कार गरे, स्रोतापत्ति फल प्राप्त गरे ।

जीवकले राजगृहका एकजना श्रेष्ठीको टाउकोको शल्यक्रिया गरेर उनलाई मृत्यु हुनबाट बचाइदिएका थिए । उनको टाउकोमा एक किसिमको कीरा पसेको थियो । ती कीराद्वारा गिदी खाएर टाउको दुख्ने रोग भएको थियो । उनले शल्यक्रिया गरेर ती कीराहरू निकालिदिए र रोगमुक्त बनाए । त्यस्तै जीवकले भगवान तथागतलाई पनि उपचार गरेका थिए । जीवकले अवंति नरेशको पाण्डुरोगको उपचार गरेका थिए । उनको रोग निको भएकोले प्रसन्न भई जीवकलाई दोसल्ला उपहार दिएका थिए । त्यस समयको अति उत्तम दर्जाका त्यो दोसल्ला ओढ्न सुहाउने व्यक्ति भगवान मात्र हुन् भन्ने सोचेर उनले तथागतलाई दोसल्ला दान दिने निर्णय गरे । तर भगवान् पांशुकूलिक घुतांगधारी भएको हुनाले यी दोसल्ला स्वीकार गर्न सक्दैनथे । त्यसैले उनले भगवान् तथा भिक्षुसंघलाई गृहस्थले दान दिएको चीवर स्वीकार गर्न अनुग्रह गरे । जीवकको आग्रहलाई ध्यानमा राखी भगवानले घोषणा गर्नुभयो कि, "जो भिक्षु पांशुकूलिक पालन गर्न चाहन्छ, उनीहरू पालना गर्नु अन्यथा गृहपतिले दान दिएको चीवर धारण गर्नु । यी दुबै प्रयोग गर्नका लागि म अनुमति दिन्छु ।"

भिक्षुहरूले गृहस्थले दान दिएको चीवर प्रयोग गर्न भगवानले अनुमति दिनुभएको कुरा जब राजगृहमा फैलियो तब जनता प्रसन्न भए । अब भिक्षुहरूलाई चीवर दान दिन पाउने भयो, पुण्य अर्जित गर्न पाउने भयो भनेर सबै उल्लासित भए । राजगृहमा एकै दिनमा हजारवटा चीवर जम्मा भयो । यस्तै प्रकारले राजगृहको बाहिरका जनपदहरूमा पनि चीवर दान दिने प्रेरणा जाग्रित भयो । थुप्रै चीवर संकलन हुनगयो ।

*क्रमशः*

*(साभार–अग्रपाल राजवैद्य जीवक, वि.वि. वि, २००९)*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (द्वितीय भाग)–११

✍ के.श्री धम्मानन्द
*अनुवादक*- बरदेश मानन्धर

धर्मले नै मात्र मान्छेको दिलमा आवश्यक परिवर्तन ल्याउन सक्छ र सच्चा निशस्त्रीकरण गर्न सक्छ– मनका ।

सबै ठूला धर्महरूले अरूको हत्या नगर्ने सल्लाह दिन्छ । तर बडो दुर्भाग्यवश यस महत्वपूर्ण शिक्षालाई सजिलै सँग उपेक्षा गरिन्छ। आज आधुनिक हतियारहरूको कारणबाट मान्छेले एकै क्षणमा त्यो भन्दा धेरै मान्छेहरू मार्न सक्छ जति त्यस बखतका असभ्य मानिसहरूले एक शताब्दीमा मारेका थिए ।

यी कुरा हामीले खुशी साथ भन्न सक्छौं कि गएका २५०० वर्षहरूमा बौद्धहरूले धर्मको नाउँमा कुनै पनि गम्भीर कलह वा झगडा गरेका छैनन् । यो बौद्ध धर्मको गतिशील प्रकृति र सहनशीलताका प्रतिफल हो ।

बौद्धहरू अरू धर्महरूको प्रगति देख्नमा रमाउँछन् जब सम्म उनीहरू आ-आफ्नो धर्म अनुसारको धार्मिक जीवन, सच्चा रूपले अनुशरण गर्छन् ।

## बौद्ध धर्म–दूतहरू

बौद्ध धर्म– प्रचारकहरू (धर्म दूतहरू) ले शिक्षा मात्रै दिन्छ– त्यसलाई स्वीकार्नु वा अस्वीकार गर्नु त प्रत्येक व्यक्तिको आफ्नो इच्छामा भर पर्छ ।

बौद्ध धर्म दूतहरूले कहिल्यै पनि धर्म परिवर्तन तर्फ होडा चलाएको छैन । कुनै पनि बौद्ध धर्म प्रचारक वा भिक्षुले अन्य धर्महरू प्रति नराम्रो प्रचार गर्ने विचार पनि गर्दैनन् । सच्चा बौद्ध भावना भएको कुनै पनि व्यक्तिलाई धार्मिक, राजनैतिक र राष्ट्रिय असहनशीलता मान्य हुने छैन। कुनै पनि आक्रामक लडाईले बौद्धहरूको हृदयमा सम्मान पाउने छैन । बिश्व कट्टरता र असहनशीलता जस्ता रोगहरूबाट पीडित भई रक्त बमन गर्दै छ । राजनीति वा धर्म जहाँ पनि मानिसहरू मानव समुदायलाई आफ्नै प्रकारको जीवन पद्धतिमा ल्याउने काममा सचेत भएका हुन्छन् । कहिलेकाँहि त्यस्ता मान्छे हरू अरू प्रकारको जीवन पद्धति अँगाल्ने व्यक्तिहरू प्रति आक्रामक हुन्छन् ।

जब हामी बुद्ध धर्मको इतिहासको पाना पल्टाउँछौ, हामी बुझ्ने छौं कि कसरी बौद्ध धर्म–दूतहरूले शान्ति र सम्मानपूर्ण तरीकाद्वारा बुद्धका यस असल सन्देशको प्रचार गरे। आफ्नो धर्म प्रचारको लागि हिंसक तरीका अपनाउने हरूलाई यस कुराले लज्जित पार्ने छ ।

बुद्ध धर्मले कहिल्यै पनि राष्ट्रिय परम्परा चलन, कला एवं संस्कृति सँग झगडा गरेन वरू उनीहरूलाई झन बचाउनुको साथै झन स्वच्छ पारेको छ । बुद्धका मैत्री र करूणाका उपदेशले मान्छेको दिल हृदयलाई खोली दिएको छ। उनीहरूले कुनै अप्ठचारो विना नै यी शिक्षाहरूलाई ग्रहण गरे। यसरी उनीहरूले बुद्ध धर्मलाई विश्व धर्म बनाउनमा मद्दत गरे ।

बुद्ध धर्मलाई उपनिवेश शक्तिको आधारमा कहिल्यै पनि कुनै पनि देशमा लादिदिएन। बौद्ध धर्म-दूतहरूलाई स्वतन्त्र राष्ट्रहरूले आमन्त्रण गरेर स-सम्मानपूर्वक स्वागत गरे र बौद्ध धर्मलाई दिल देखि स्वीकार गरे ।

हामीलाई थाहा भए अनुसार सर्वप्रथम बुद्ध धर्मले नै त्यस्तो आध्यात्मिक वल प्रदान गरेको छ जसले भौतिक दुरी, भाषा, परम्परा र संस्कृतिको कठिन विभेदद्वारा अलग्याइएको धेरै जातीहरूलाई आपसमा नजिक ल्याइदिएको छ । अन्तर्राष्ट्रिय व्यापार, साम्राज्य निर्माण, वैज्ञानिक उत्सुकता, आफ्नो क्षेत्र विस्तारको लागि बसाई सराई जस्ता कुनै पनि अभिलाषा बुद्ध धर्मको रहेको छैन ।

बुद्धको समयमा बुद्ध धर्म अरू देशमा पनि पुगेको थियो भन्ने कुरा निश्चित भै-सकेको छैन । तर पनि सम्राट अशोकको पालामा बुद्ध धर्म धेरै एशियाली मुलुकहरू सम्म पुगे। बुद्धको शान्ति सन्देश प्रचार गर्नको लागि सम्राट अशोकले विश्वका धेरै भागमा धर्म-दूतहरू पठाएका थिए। त्यस बेला अशोकले सबै धर्मलाई सम्मान र सहयोग गरेको थियो। उसको सहनशीलता उल्लेखनीय थियो। भारतमा रहेको उसको एक शिलालेखमा भनिएको छ– आफ्नो धर्मको श्री-समृद्धि बढाउने आशय लिई अरू धर्मलाई अपमान गरेर यदि कसैले आफ्नो धर्मलाई सम्मान गरेमा, वास्तवमा उसको यस कार्यले उसको आफ्नै धर्मलाई हानी मात्रै पुऱ्याउँछ ।

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# बुद्धानुभाव मैत्रीः छुं दसि–२

✍ भिक्षु ज्ञानपूर्णिक

कोमल मृदु जु जुं वन । शूक्ष्मत्वय् थ्यं थ्यं वन । अन्तय् स्मृति प्रस्थान उपदेशद्वारा रोज मल्लं स्रोतापन्न अवस्था प्राप्त याना काल । रोजया धर्ममिखा चाल । वयात जः दत । रोजया श्रद्धा थुलि प्रबल जुल वं तथागत यात निवेदन यात - "तथागतं व भिक्षु संघपिसं आवंलि सुयागुं निमन्त्रणा स्वीकार याना बिज्याये म्वाल । चतुः प्रत्यय द्वारा सेवा स्वयं थःम्हं हे जक याये ।"

थ्व छुकीयागु प्रभाव खः ?

रोज अभिमान, धन अभिमानं मस्त जुइका रोजमल्लया शासन प्रति श्रद्धा जक मदुगु मखु, आयुष्मान आनन्दथें जाःम्हसित समेतं कामगुणं लालच क्यने छाः म्ह राजकुमार खः । वयात तथागतं छकोलनं आर्य स्थिति थ्यनी कथं आकर्षित याना बिज्यात । अने तने कथंया ऋद्धि सिद्धि चमत्कार शक्तिं मखु । वास्तवय् थ्व वस्पोलयागु मैत्रीया आनुभाव खः । अजिंगरं मोहित याना साला काः म्ह खराचाथें जुइका रोजमल्ल तथागतयागु मैत्रीया दुने वशीभूत जू वन । उकिं पाली थथे तप्यंक व्यक्त याना तल–

"अथ खो भगवा रोजं मल्लं मेत्तेन चित्तेन फरित्वा उट्ठायासना विहारं पाविसि । अर्थात् अबले तथागत भगवान रोज मल्लयात मैत्री चित्तं फिजे यानाः आसनं दनाः विहारय् दुहाँ बिज्यात ।"

तथागतयागु मैत्रीया थुलि मात्र आनुभाव प्रभावं म्ही अपायच्वः अजू चाये माः गु मखुनि । अय्लाखं गुजु गुजु कायेका वः म्ह अति हे जंगली पहः दुम्ह प्रचण्ड व भयंकरम्ह नालागीरि किसियात नं वयागु मत्ता पहः तंके बिया थः गु तुति पाली भोपुइ मायेक तकं शान्त दान्त याना बिज्यागु थ्व नं वस्पोल तथागतया मैत्रीया आनुभाव खः ।

वयासिकं भ्रं अप्वः प्रचण्ड व शक्तिशाली जुयाः अति हे ग्यानापुसे च्वंक तँ मभिंम्ह जंगली राक्षसयात तक नं तथागतं मैत्रानुभावं त्याका कया बिज्यात । आलवक यक्षयागु श्वेतवसा शस्त्र आणविक शस्त्र स्वया प्रभावशाली धाई । व शस्त्र आकाशय् वांछ्वःसा भिंनिदँ तक वा छफुति वइ मखु । पृथ्वी वांछ्वःसा भिंनिदँ तक सिमाया नामं छुं छुं तकं बुया वइ मखु । समुद्रय् वांछ्वःसा सा लः दक्वं सुना वना पहाड पवर्तय् वांछ्वःसा उकीयात हे चुं चुं थलै फुधाइ । व शस्त्रं कयेकाः नं आलवकं तथागतयात छुं याये मफुत । अखबतं भ्रं वयागु व शस्त्र तथागतया पाउदानी जुयाः च्वंवन । अन्तय् आलवक घ्यो नाय्थें नाया वन । आलवक दृढ अचल श्रद्धावान स्रोतापन्न जू वन ।

वस्पोल तथागतयागु मैत्रीया आनुभाव वस्पोल नकतिनि नकतिनि बुद्ध जुया बिज्याबले नं म्हीसं खंका काये फु ।

बोधिसत्व सिद्धार्थ गौतमयात आहार उलि हानं सेवन याना बिज्याःगु निक्ति कारणय् "तपं कुतुं वः म्ह, लाभ आपाः दयेकेगु स्वःजूम्ह" धकाःकुँखिनाः पञ्चवर्गीयपिसं वसपोलयात उरुवेल वनय् याकःचा वाना वन । दृष्टि भ्रमया व कुसंस्कारया थ्व छगू ज्वलन्त उदाहरण खः ।

बुद्धत्व प्राप्तिं लिपा न्हापांगु उपदेश बिया बिज्यायत वस्पोल तथागत ऋषिपतन मृगदावन स्वया बिज्यात । अन च्वंच्वंपिं पञ्चवर्गीयपिसं तापाकं निसें तथागत बिज्याःगु खंकल । थवं थवय् कराल ल्हानाः इमि खँल्हा बल्हा जुल ।

"हुँ खं ला, श्रमण गौतम थुखे स्वयाः वयाच्वन । श्रमण गौतम लाभया निंतिं कर्मस्थान क्षेत्रं पिहाँ वनाः चाः चाः हिला जुइ धुंकल । व थन वःसा म्हीसं लँ स्वः वनेगु मखु । पात्र चीवर कायेयु मखु । अभिवादनादि याये गु मखु । लासा उलि लाया तयेगुः यःसा फेतुइ मयःसा ।"

अबले तथागत इमि लिक्क थ्यंकः बिज्यात । इमिसं थवं थवय् ल्हाना तःगु कराल त्वः फिकल । तथागतया लँ स्वः वन । पात्र चीवर फया काल । तुति सिलेत लःव क्वपू न्ह्योने तया बिल । अभिवादन यात । छगू हे कराल पालन मजुल । इमि मन फःहिल । पंचवर्गीयपिं थःथः पिनिगु कराल अथें अथें भंग जूगुलि थःथः पिसं हे पत्याः याय् मछाल ।

थथे छाय् जुल ?

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# जो अनित्य नियाल्दा नियाल्दै गए

✍ **सुरज कुँवर**

विपश्यनालाई यदि एउटा सम्प्रदाय मान्ने हो भने पछिल्ला चार दशक यता यो एउटा विशाल आध्यात्मिक आन्दोलन बन्यो । आत्मनिरीक्षणको माध्यमले अन्तर्मनको गहिराइमा पसेर आत्मशुद्धि गर्ने साधना विधि भएको आन्दोलनको पछिल्लो अगुवा थिए सत्यनारायण गोयन्का । भारतीय मूलका तर बर्मामा जन्मे हुर्केका यिनै गुरुको ८९ वर्षको उमेरका गत असोज १३ गते आइतवार राति भारतको मुम्बईस्थित आफ्नै निवासमा प्राण गयो ।

पछिल्लो ८ वर्ष राम्ररी हिंड्न नसकेर ह्वीलचेयरको सहायतामा ओहोरदोहोर गर्ने गोयन्काको मृत्युको खबरपछि हजारौं विपश्यनाका साधक/साधिका श्रद्धाञ्जलि दिन मुम्बईस्थित उनको निवास पुगे। भारतका विभिन्न सहरसहित बाहिरी मुलुकबाट श्रद्धाञ्जलि दिन पुगेका शुभेच्छुक साधक/साधिकाको भीडमा दुई दिन राखेर तेस्रो दिन उनको इच्छाअनुसारकै विधिबाट अन्त्येष्ठि गरियो । उनले आफ्नो मृत्युअघि काठले जलाउनको साटो विद्युतीय शवगृहमा जलाउन भनेकाले विपश्यना समूदायले त्यसै गरे । र, खरानी उनी जन्मेको बर्मामा चारवटा नदीमा लगेर बगाइयो। गोयन्काले यो धर्ती छाडेको आज २८ औं दिन हो ।

मानिसको चित्तलाई विकारमुक्त बनाउन उनले चलाएको विपश्यना अभियानमा सहभागी हुनेहरूको संख्या बढ्दो छ । उनले थालेको प्रशिक्षण पद्धति अझैं ५ सय वर्ष अहिलेकै तरिकाबाट अघि बढ्ने उनले आफ्ना पुस्तकहरूमा उल्लेख गरेका छन् । विपश्यना आफूलाई गहिरो गरी हेर्ने कठोर साधना हो । विपश्यनाको शाब्दिक अर्थ 'बि' भनेको 'गहिरो' र 'पश्यना' भनेको 'हेर्नु' हो । विपश्यना परिणामउन्मुख प्राचिन विधि हो । तितरबितर अवस्थामा रहेको विपश्यना विधिलाई गौतम बुद्धले २५ सय वर्षअघि प्रयोगमा ल्याएका थिए । दरवार छाडेर 'खोज' मा निस्केका बुद्धले यस ज्ञानलाई बटुलेर उत्तर भारतमा पुनः प्रयोग गरे ।

बुद्ध दर्शनअनुसार, त्यसताका यो ज्ञान अहिलेको भारत हुँदै बर्मा, थाइल्यान्ड, श्रीलंकालगायतका मुलुकमा फैलियो । गौतम बुद्धको मृत्युपछि यो विधि बिस्तारै हराउँदै गएको थियो। तर, बौद्धमार्गी बर्मेलीहरूले यसलाई जतन गरी राखेका थिए । ३१ वर्षको उमेरताका सत्यनारायण गोयन्का सफल ब्यापारीको सूचीमा परिसकेका थिए । त्यसताकासम्म उनलाई विपश्यनाबारे जानकारी नै थिएन । माइग्रेनका बिरामी गोयन्का महँगो उपचार गराइरहेका थिए । करोडपति ब्यापारी भएकाले उनी माइग्रेनबाट मुक्ति पाउन मर्फिनको इन्जेक्सन लिइरहेका थिए । तर, 'महँगो मर्फिनले पनि कहिलेसम्म निको पार्नु ?' उनी हैरानी खेपिरहेका बेला एकजना चिकित्सकले उनलाई विपश्यना सिकाउने योगगुरु सयाजी उ बा खिनलाई भेट्न सुझाए । बर्माको सरकारी सेवामा समेत काम गरिरहेका उ बा खिनलाई भेटेपछि योयन्काले विपश्यनाबारे जानकारी लिए । गुरुशिष्य विधिद्वारा गोयन्काले विपश्यना सिके। गोयन्काले १४ वर्षसम्म गुरुका साथ निरन्तर यसमा लगाव राखिरहे ।

माइग्रेनको उपचारका लागि थुप्रै मुलुक डुल्दै लाखौं रुपैयाँ सकिसकेका गोयन्कालाई अन्तमा विपश्यनाले मुक्ति दिएपछि उनले व्यापारलाई त्यागेर यसलाई यसलाई नै बाँकी जीवनमा अँलाग्ने निधो गरे । सन् १९६९ ताका गोयन्का परिवारका साथ भारत फर्के । विपश्यनालाई भारतमा पुनर्स्थापित गरे । विपश्यनाका प्रशिक्षक आनन्दराज शाक्यका अनुसार, मुम्बईमा बसोबास गर्दै आएका गोयन्काले भारत फर्केको दशकपछि विपश्यना साधनालाई नेपाल ल्याए। सन् १९८१ ताका पहिलोपटक काठमाडौंको स्वयम्भूस्थित आनन्दकुटी महाविहारमा विपश्यनाको शिविर सञ्चालन गरिएको थियो ।

जहाँ साधना गर्न २ सय ४३ जना सहभागी थिए । जसमा १ सय ९३ जना नयाँ र विपश्यनाबारे जानकारी भएका ५० जना पुराना साधक/साधिका थिए । सन् १९८४ ताका मणिहर्ष ज्योतिको पहलमा बुढानीलकण्ठमा धर्मशृङ्ग स्थापना भयो। विपश्यनालाई नेपाल ल्याउने श्रेय मणिहर्ष र यदुकुमार सिद्धिलाई जान्छ। यदुकुमारले १९७० ताका र मणिहर्षले सन् १९७५ ताका नै विपश्यनाको साधना गरिसकेका थिए ।

नेपालमा विपश्यना स्थापनाको नेतृत्व गर्ने उद्यमि मणिहर्ष ज्योतिका छोरा रुपज्योतिका अनुसार, गोयन्का विपश्यना स्थापनापछि तारन्तर नेपाल आउने र शिविर सञ्चालन गर्थे । विपश्यनाका क्षेत्रीय आचार्यसमेत रहेका



Downloaded from http://www.dhamma.digital

रुपज्योतिका अनुसार, गोयन्का झण्डै २० पटक नेपाल आए र शिविर सञ्चालन गरे । हिमाली शृङ्खला भएको नेपाललाई उनी असाध्यै मन पराउँथे । नेपाल विपश्यना केन्द्रका कोषाध्यक्ष दोर्जी छिरिङ शेर्पाका अनुसार, उनको इच्छाअनुसार, केही महिनाभित्र सोलुखुम्बुको लुक्लामा विपश्यनाको ध्यानकेन्द्र स्थापना हुँदै छ । 'गोयन्का गुरुको इच्छा सगरमाथामुनि विपश्यना केन्द्र खोल्ने थियो, उनको अभियान हामी केही महिनामा पूरा गर्दैछौं' उड्डयन क्षेत्रका ज्ञातासमेत रहेका समाजसेवी शेर्पाले भने ।

गोयन्काको अभियानलाई निरन्तरता दिँदै यतिबेला अमेरिका, अस्ट्रेलिया, क्यानडालगायतका ९४ देशमा २ सय २७ वटा ध्यान केन्द्र छन् । भारतमा मात्रै ५६ वटा केन्द्र छन् । नेपालको सन्दर्भमा कीर्तिपुर, मुहानपोखरी बुढानीलकण्ठ, इटहरी, वीरगञ्ज, चितवन, लुम्बिनी, सुर्खेत र पोखरामा विपश्यनाका केन्द्र छन् । जहाँ निःशुल्क खाने बस्ने सुविधासहित एक दिवसीयका साथ १०/३०/४५ दिनका शिविर हुन्छन् । जहाँ बालबालिका लक्षित तीनदिने शिविर पनि हुन्छन् । यी केन्द्रहरू विपश्यना अनुयायीहरू र साधना गर्नेहरूको दानबाट सञ्चालित छन् ।

गोयन्काले शान्तिबारे संयुक्त राष्ट्रसंघले थालेका विभिन्न कार्यक्रममा विपश्यनालाई अन्तर्मनको गहिराइमा छिरेर आत्मनिरीक्षणको माध्यमले आत्मशुद्धि गर्ने साधना विधि भनेका छन् । उनी भन्छन्, 'विपश्यना मन र शरीरको मानसिक अपरेसन गर्ने विधि हो ।' वैज्ञानिक अल्बर्ट आइन्सटाइनले पनि मनोविज्ञानसँग जोडिएको यस विद्याकै कारण सायद भनेका थिए, 'संसारमा कुनै दिन गौतम बुद्धको यो धर्म अग्रस्थानमा हुनेछ । विपश्यनाको महत्त्व पछिल्लोपटक राष्ट्रहरूले पनि बुझ्न थालेका छन् । भारतका कतिपय राज्यमा कर्मचारीहरूको मानसिक र शारीरिक विकासलाई बढाउन विपश्यना शिविर अनिवार्य भनिएको सुनिन्छ । विपश्यना साधना विषेशतह तनावपूर्ण जीवनयापन गरिरहेकाहरूका लागि काइदाको विधि हो । शिक्षामा रूचि नहुने, रिसालु स्वभावका अनुशासन गुमाउँदै गएकाहरूका लागि यो अमृतसमान छ । यसले झनक्क रिसाउनेहरूको मनलाई एकाग्र, दरिलो र स्मरण शक्ति बढाइदिन्छ ।

गोयन्काको मृत्युपछि उनको र दलाई लामाबीच भएको मित्रताबारे यतिबेला उनको फेसबुक पेजमा चर्चा छ । त्यहाँ लेखिएअनुसार, दलाई लामालाई उनले विपश्यना गरे दुई दिनमै जीवन परिवर्तन हुने बताएका रहेछन् । तर दलाई लामाले गोयन्काको प्रस्ताव इन्कारेछन् । गोयन्काले दुईजना लामालाई मुम्बईको सेन्टरमा पठाइदिन आग्रह नै गरेपछि दलाई लामाले १० दिनको शिविरमा दुईजना भिक्षुलाई पठाइदिएछन् । त्यो शिविरपछि भिक्षुमा आएको परिवर्तनबाट प्रभावित हुँदै त्यसपछि दलाई लामाले ५० भिक्षुलाई थप दस दिनको शिविरि लिन पठाउँदै गोयन्काले फैलाउन मद्दत गरेको विपश्यनाको तारिफ गर्दै अरूलाई पनि यसमा सामेल हुन भनेछन् । यसैबाट यी दुई थोरै भिन्न सम्प्रदायका ख्यातीप्राप्त गुरुहरूबीच जोडिएको मित्रताबारे यतिबेला विश्वभर चर्चा छ । सञ्चारमाध्यमको प्रचार खासै नरुचाउने गोयन्का अन्तरव्यक्तिबीच हुने सञ्चारमा विश्वास गर्थे ।

गोयन्काले भनेअनुसार, अज्ञानताका कारण मानिसले जीवनमा धेरै धोका पाएका/पाउनेछन् । अज्ञानताका कारण मनका धेरैथरी विकार जम्मा हुन्छन् । हामी मन नपरेका काम कुरा हुनेबित्तिकै मनमा धेरैथरी गाँठा पार्छौं । तनाव उत्पन्न गर्छौं । विकार जगाउँछौं र व्याकुल हुन्छौं । मन नपर्ने काम कुरा जीवरभरि भइरहन्छन् । त्यस्तै हामीले चिताएको जस्तो पनि सधैंभर भइरहन सक्दैन । गाँठाले शरीरका रेसा रेसा भरिन्छन् । यस्तो व्याकुलताले हामी शरीरभरि राख्छौं । यति मात्रै होइन । अरूलाई पनि बाँड्छौं । आफू दुःखी हुँदा अरूलाई पनि दुःखी बनाउँछौं । वरिपरि जो जो भेटिन्छन् ती सबै लाई दुःखी बनाउँछौं । न हामी शान्तपूर्वक बाँदछौ न अरूलाई बाँच्न दिन्छौं । तर यो साधनाले मानिसको चित्तलाई विकारबाट मुक्त गर्छ । मन बदलिनुलाई यस विद्यामा ठूलो उपलब्धि मानिन्छ ।

जीवन ठीकसँग बाँच्न जान्नुलाई यहाँ धर्म भनिन्छ । यहाँ भनिने धर्मले साम्प्रदायिक धर्म भनेको हो इन । प्राकृतिकको कानुन, रीत, नियमलाई धर्म भनिएको हो । यो सबैमा समान लागू हुन्छ । कसैलाई भेदभाव गर्दैन । धर्म शब्द सम्प्रदायको पर्यायवाची बनाइनु गलत रहेको विपश्यना विद्याले भनेको छ । यसले भन्छ, 'धर्म सार्वजनिक हुन्छ । यो कुनै जाति, सम्प्रदायको हुँदैन । धर्मवान भनेको प्राकृतिकको नियम बुझ्ने मानिस हो । धर्मवान हुनु भनेको दुःखबाट मुक्त भई सुख–शान्तिले बाँच्नु हो । यो बाटो सार्वजनिक हो । यो कसैको होइन ।'

*(साधार- 'कान्तिपुर' दैनिक, कार्तिक ९ गते, शनिवार)*



Downloaded from http://www.dhamma.digital

# बुद्धको जन्मस्थल नेपाल हो भन्ने कुराको प्रचार–प्रसार संसारभरि राम्रोसंग हुन आवश्यक छ

✍ मेघराज शर्मा

हामी जापान भ्रमण गर्ने क्रममा जापानका पाठ्यपुस्तकहरूमा भगवान बुद्ध भारतमा जन्मेको भनेर लेखिएको र यहाँका टुरिष्ट गाइडहरूले पनि बुद्ध मन्दिर देखाउँदा भगवान् बुद्ध भारतमा जन्मेको भनेर बताउँदा रहेछन् । यो कुरा थाहा पाएपछि मनमा ज्यादै दुःख लाग्यो । अबका कार्यक्रमहरूमा यो कुराको विरोध गर्दै बुद्ध नेपालमा जन्मेका हुन् भन्ने कुरा राखेर मैले एउटा नेपालीको कर्तव्य पालना गर्नुपर्छ भन्ने सोचें। हाम्रो साँझको कार्यक्रम "आशा लागेको छ" भन्ने संस्था छ ।

हामी दिउँसोको समय टोकियोको नेशनल म्यूजियम हेर्न व्यस्त भयौं । ठीक ५ बजे "आशा लागेको छ" भन्ने संस्थाले कार्यक्रम गर्ने स्थल टोकियोको सिविको सेन्टरमा पुग्यौं । सभा हलमा टोकियो विश्वविद्यालयका डीन सियोमी तोसियुकी, प्राध्यापक, डाक्टर, इन्जिनियर, भद्रभलादमीको उपस्थिति थियो । संस्थाको तर्फबाट अध्यक्ष इनोउएबाट हामीलाई स्वागत गरियो। स्वागतको क्रममा ओकेबाजेसंग मिलेर पाल्पामा आधारभूत मावि रामपुरमा २ कोठे भवन ६० हजार भन्दा बढीको झोला अक्षयकोष स्थापना गरेको, इन्दिरा भट्टराईलाई आफूहरूको सहयोगले डिग्री पढाएको र ओकेबाजेले हामीले गरेको सहयोगको राम्रोसंग सदुपयोग गरेकोमा हामी धेरै खुशी छौं भन्नु भयो । स्वागतपछि यो लेखकले ओकेबाजेले पाल्पामा कसरी काम गर्नुहुन्छ । ओकेबाजेको दिनचर्या कस्तो गरी बितेको छ भन्ने बारे बताउने अनुरोध भयो । बताउने क्रममा मैले भनें– "ओकेबाजेले २० वर्षमा गरेका कामको लेखाजोखा गर्न गाऱ्हो छ किन कि उहाँ आफ्ना कामहरू सार्वजनिक गरेर ख्याति कमाउन खोज्ने मानिस होइन । उहाँ त कर्म गर्दै जाऊँ फल र नामको आश नगर भन्ने खालको मान्छे हुनुहुन्छ। उहाँसँग गरेका कामको विवरण मागे पनि पाइँदैन । हामीले हाम्रा ओके बाजे भन्ने पुस्तक प्रकाशन गर्दा पनि कामको सबै तथ्याङ्क जुटाउन खोजेको हो । सकिएन । त्यसपछि हालसम्म त उहाँले धेरै काम गरिसक्नु भयो । उहाँले गरीवी निवारण, शिक्षा, चेतना अभिवृद्धि, संस्थागत विकास, सामाजिक सुरक्षा जस्ता क्षेत्रमा दाताहरू खोजेर अहिलेसम्म पाल्पामा करोडौंको लगानी ल्याएर पूर्वी पाल्पाको छ ठूलो उद्धार नै गर्नु भएको छ भन्ने कुरा बताउँदै जापानको विद्यालयहरूको पाठ्यक्रममा बुद्ध भारतमा जन्मेका हुन् र बुद्ध धर्मको उद्‌गम स्थल भारत हो भनेर लेखिएको थाहा पाउँदा जापान जस्तो बौद्धिक समाज भएको राष्ट्रमा बुद्ध भारतमा जन्मेको भन्ने गलत कुरा लेखिनु दुःखद कुरा हो । बुद्ध नेपालमा जन्मेका हुन् । बुद्धको जन्मस्थल नेपालको लुम्बिनी भन्ने स्थानमा भएको हो । त्यसैले म टोकियो विश्व विद्यालयका डीन सोयोमी तेसियुकी मार्फत जापान सरकारलाई विद्यालयहरूको पाठ्यक्रमबाट बुद्ध भारतमा जन्मेका हुन भन्ने गलत कुरा हटाइ सही कुरा राख्न अनुरोध गर्दछु ।"

यसैगरी पत्रकारहरूलाई पनि बुद्ध भारतमा जन्मेको नभई नेपालमा जन्मेको हो भन्ने कुरा आफ्नो मिडिया मार्फत उठाउन अनुरोध गर्दछु भनेर जोडदार रुपमा भाषण गरे । सो समारोहमा नारायण आचार्यजीले ओके बाजेले पाल्पामा सेवा गरेको २० वर्ष पुगेको उपलक्ष्यमा पाल्पालीले ओकेबाजेलाई अभिनन्दन गर्दैछन् । त्यस अभिनन्दनमा भाग लिन "आशा लागेको छ" संस्थाका सबैलाई निम्तो दिन्छु भन्नु भयो । सभाको कार्यक्रमपछि नेपालबारे विभिन्न प्रश्नहरू सोधियो मैले सबै प्रश्नको जवाफ दिएँ । यसै शिलशिलामा कार्यक्रमको अन्तिममा विश्व विद्यालयका डीनले हामीले जापानीलाई नेपालबारे कसरी चिनाउने कुनै ३ वटा कुरा भन्नुस् भनेर प्रश्न गर्नुभयो । मैले नेपाललाई गौतम बुद्ध जन्मेको देश, विश्वको सबै भन्दा अग्लो शिखर सगरमाथा भएको देश र संसारमा सबै भन्दा राम्रो प्राकृतिक सौन्दर्य भएको



Downloaded from http://www.dhamma.digital

देश भनेर चिनाउनुपर्छ भनेर जवाफ दिएँ । यो प्रश्न उत्तरपछि हाम्रो सभाको कार्यक्रम समाप्त भयो ।

सभामा जापानी भाषामा अनुवाद गर्ने काम जापान बसोबास गर्ने गुल्मीका हरि प्रसाद घिमिरेले वडो रोचक तरिकाले गर्नुभएको थियो ।

सभापछि “आशा लागेको छ” संस्थाले रमाइलो रात्री भोजको आयोजना गरेको थियो । हामी रात्री भो जमा सामेल भयौं । हामी रात्री भोजमा बस्दा म विश्व विद्यालयको डीनसँग बसेको थिएँ । जापानमा विश्व विद्यालयको डीन भनेपछि सबैले निकै सम्मान गर्दा रहेछन् । रात्री भोजको क्रममा मैले डीनसँग किन पाठ्चक्रममा बुद्ध भारतमा जन्मेको भनेर राखिएको भन्दा उहाँले केही कुटनीतिक क्षेत्र र सरकारका मानिस बेगर अरु धेरै जापानीलाई नेपाल देश छ भन्ने नै थाहा छैन । यहाँका मानिसलाई नेपाल भनेको भारतको कुनै भाग होला जस्तो लाग्छ । यहाँ बुद्धको जन्मस्थल नेपाल हो भन्ने कुनै प्रचार प्रसार छैन । विस्तारै सत्यकुरा पाठ्चक्रममा आउला भन्ने जवाफ दिनुभयो । अहिलेको भारतमा बुद्ध जन्मेको होइनन् बुद्ध जन्मेको ठाउँ अहिलेको राजनैतिक मानचित्रमा नेपाल देशको लुम्बिनी भनिने ठाउँमा पर्दछ ।

इतिहासकालमा यस भेगमा सूर्यवंशी राजा भरतको ठूलो साम्राज्य थियो । त्यो साम्राज्य हिमालदेखि समुद्रसम्म र हालको म्यानमार (बर्मा) देखि अफगानिस्तान सम्म फैलिएको थियो । भरतको राज्य त्यो विशाल राज्यपछि कालखण्डमा छिन्नभिन्न भएपछि अरु मुलुकहरू नयाँ मुलुकको रुपमा स्थापित भए । कोही बर्मी भए कोही अफगानिस्तान भए कोही बंगलादेश र पाकिस्तान तथा नेपाल भए । त्यसत्यस ठाउँको भाषा संस्कृति अनुसार वा कुनै महत्त्वपूर्ण कुराको आधारमा देशका नामहरू राखिए । अहिलेको भारतले पनि सम्राट भरतको राज्यको केन्द्र अहिलेको भारतनै रहेकोले उही ऐतिहासिक नाम जारी राख्यो । बुद्ध त्यस ऐतिहासिक काल खण्डको भारतमा जन्मेका भए पनि अहिलेको राजनैतिक भूगोल अनुसार बुद्ध जन्मेको ठाउँ संसारको उच्च शिखर सगरमाथा (एभरेष्ट) लाई आफ्नो मुकुटको रुपमा राखेको स्वतन्त्र सार्वभौम मुलुक नेपालमा पर्दछ ।

*क्रमशः*

## साप्ताहिक अभिधर्म पाठ सहित विषयगत धर्मदेशना

*२०७० आश्विन १५-२१ सम्म ।*
*स्थान- बुद्धविहार, भृकुटीमण्डप ।*

नेपालको सुखशान्ति कामनागरी बुद्ध विहार भृकुटीमण्डप परिवारको आयोजना एवं बौद्ध महिला संघ नेपालको व्यवस्थापनमा पूज्य भिक्षु महासंघको तर्फबाट बुद्ध विहार भृकुटी मण्डपमा साप्ताहिक अभिधर्म पाठ सहित विषयगत धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको छ ।

प्रत्येक दिन दिउँसो ३ बजे देखि ५ बजे सम्म सञ्चालित उक्त कार्यक्रम पश्चात् प्रत्येक दिन श्रोता महानुभावहरूलाई जलपानको व्यवस्था पनि मिलाइएको थियो । उक्त साप्ताहिक कार्यक्रम विवरण यसरी रहेको छ ।

**कार्यक्रम तालिका**

| क्र.सं | २०७० आश्विन | अभिधर्म पाठ | विषयगत प्रवचक | दाता |
|---|---|---|---|---|
| १ | १५ मंगलबार | धम्मसंगिनी | भिक्षु ज्ञानपूर्णिक | श्रद्धालु दाता |
| २ | १६ बुद्धबार | विभङ्ग | भिक्षु पञ्ञारतन | रेणुका मानन्धर |
| ३ | १७ विहीबार | धातुकथा | भिक्षु सुमेध | कमला शाक्य |
| ४ | १८ शुक्रबार | कथावत्थु | भिक्षु राहुल | ललितवीर सिंह तुलाधर |
| ५ | १९ शनिबार | पुग्गलपञ्ञति | भिक्षु कोलित | पद्मधर तुलाधर |
| ६ | २० आइतवार | यमक | भिक्षु सरणंकर | डा.केशरी लक्ष्मी मानन्धर |
| ७ | २१ सोमबार | पट्ठान | भिक्षु कोण्डञ्ञ | हर्षरत्न ताम्राकार |



Downloaded from http://www.dhamma.digital

# श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांको अभिनन्दन समारोह सम्बन्धी जिज्ञासा

✍ अमृतमान ताम्राकार
*निर्वाणमूर्ति विहार*

गत आश्विन १२ गते शनिवारका दिन नेवाःजागरण मञ्च काठमाडौंद्वारा मञ्चको ५ औं वार्षिक उत्सवको शुभ उपलक्ष्यमा थेरवाद बुद्ध शासनमा अति महत्वपूर्ण योगदान पुऱ्याउने धर्मकीर्ति विहार प्रमुख श्रद्धेय धम्मवती गुरुमाँलाई अभिनन्दन् गर्ने क्रममा श्रीघः विहारदेखि ढल्कोसम्मको उल्लासमय शोभायात्रा सहितको भव्य समारोहमा सहभागी भइ स्वास्थ्यलाभको अवस्थामा रहेका गुरुमांको दर्शन गर्न पाउँदा अति हर्षको अनुभूति भयो । उक्त समारोहमा वक्ताहरूद्वारा **"पूजा च पूजने य्यानं एतं मंगलमुत्तमं"** भनी मंगलसुत्रको पाठ गर्दा म आफू पनि गंभीर मुटुको व्यथाबाट स्वास्थ्यलाभ गरी पहिलो पटक यस प्रकारको समारोहमा सहभागी हुने सुखद संयोग जुरेको हुँदा सायद यस्तै पूजनिय व्यक्तिहरूलाई सभक्तिपूर्ण वन्दना गर्ने सौभाग्यतावस मेरो पुनरजन्म भएको हो कि भन्ने जस्तो लाग्यो । सामाजिक, राजनैतिक एवम् धार्मिक क्षेत्रका विशिष्ट व्यक्तिहरूको सहभागिता रहेको वहु आयामिक समारोह भव्यता साथ सम्पन्न गर्ने नेवाः जागरण मञ्चका भाइ सुजीव बज्राचार्य, बन्धु अमृत ताम्राकार प्रमुख मञ्च परिवार प्रति यस पुनित कार्यको लागि वधाई एवम् साधुवाद ।

भन्ते गुरुमाँहरू सहित झण्डै १००० जना उपासक उपासिकाहरू तथा थेरबाद बुद्ध शासनका संघनायक भिक्षु अश्वघोष महास्थविर एवम् संघ उपनायक धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविरको समुपस्थितिमा अभिनन्दित भिक्षुणी धम्मवती गुरुमां मञ्चमा आसिन भएको स्थलगत दृश्य सगरमाथा टि.भी च्यानलबाट २ घण्टा लगातार प्रत्यक्ष प्रशारण भइ रहँदा समारोह स्थलको पूरा वातावरण धर्मसंवेगले कम्पन्न भइरहेको थियो । राष्ट्रिय/अन्तरराष्ट्रिय स्तरमा बुद्ध धर्मको प्रचारमा महत्वपूर्ण योगदान पुऱ्याउने विदुषी नारीको सम्मानमा आयोजित सभामा अन्य विभिन्न धार्मिक सम्प्रदायका गुरु/उपासकहरूको सद्भाव एवम् सहिष्णुतापूर्ण उपस्थिती रहेको देखिन्थ्यो । संख्यात्मक विश्लेषण गरी हेर्दा शायद अप्रत्यासित संयोग हो ? वा निमन्त्रणा व्यवस्थापनको त्रुटिले होकी थेरवादी भिक्षुगणको उपस्थिति साह्रै कम मात्र देखियो । अज्ञानतावस निमन्त्रणा व्यवस्थापनको कमी कमजोरीले भन्तेहरूको उपस्थितिमा कमी भएको भए आगामी कार्यक्रमहरूमा आयोजकहरू सचेत होला भन्ने अपेक्षा गर्नुको विकल्प छैन ।

उपस्थितिको सन्दर्भलाई लिएर केहि उपासकहरू खासगरी उपासिकाहरू विच कतै यो धार्मिक क्षेत्रमा पनि महिलाहरू प्रतिको विभेद हो कि? भन्ने शंकाले ग्रसित भइ रहेको पाउँदा मलाई निर्वाणमूर्ति विहारबाट आयो जित विगतका केहि कार्यक्रमहरूमा श्रद्धेय भिक्षुगणको फितलो उपस्थितिले झस्कायो । वि.सं. २००७ साल अगाडिनै सञ्चालनमा आइसकेको किम्डोलस्थित निर्वाणमूर्ति विहार नेपालको पहिलो थेरवादी गुरुमांहरूको विहार मात्र नभइ विहारका संस्थापक धम्मचारी गुरुमांको कुशल व्यवहारले गर्दा उक्त विहार तत्कालिन भिक्षुसंघको लागि एक व्यवस्थित भोजनालय एवम् जमघट (छलफल) हुने स्थलको रूपमा रहेको चर्चा तत्कालिन प्रकाशनहरूमा पाइन्छ । पंक्तिकार संस्थापक गुरुमांको गृहस्थ नाताले नातिको सम्बन्ध रहेको साथै वाल्यकालको अधिकांश समय उक्त विहारमा व्यतित भएको हुँदा त्यहाँ हुने सानो से सानो कार्यक्रममा तत्कालिन सबै भिक्षुगण उपस्थित हुने सत्यतथ्यको म आफै साक्षिको रूपमा छु । हालपनि म उक्त विहारको एक जिम्मेवार धर्मसेवक भएको नाताले विहारमा आयोजना हुने कार्यक्रममा गुरुमांहरूले उच्च सम्मानले पुजिएका श्रद्धेय भन्तेहरूको उपस्थितिमा कमी हुँदा दुःख वा असन्तुष्टी महसुस हुनु अस्वभाविक हैन । यहाँ भन्तेहरूको अनुपस्थितिलाई लिएर अनावश्यक Issue उठाउन खोजेको कदापी होइन बरू अनुपस्थितिलाई लिएर शसंकित उपासक उपासिकाहरूको अवगतार्थ अन्य एसियाली मुलुकहरूको तुलनामा नेपालमा थेरवादी गुरुमांहरूलाई भन्तेहरूबाट अति मैत्रीपूर्ण व्यवहार भइरहेको वारे केहि लेख्नु प्रासंङ्गिक ठान्दछु ।

भगवान गौतम बुद्धको शासनमा माता प्रजापति गौतमी भन्दा पहिला भिक्षुणीहरूको स्थान थिएन । सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेको ५ वर्ष पछि राजमाता गौतमी ५०० जना शाक्य स्त्रीहरूको साथ कपिलवस्तुको दरवार त्याग गरी बैशालीमा पुगेर महास्थविर आनन्द



Downloaded from http://www.dhamma.digital

भन्तेको सहयोगमा अन्तत महाप्रजापति गौतमीकोरूपमा भिक्षुणी वनिन्  भिक्षुणी संघको स्थापना गर्नु भयो र बुद्ध शासनमा भिक्षुणीको अस्तित्वलाई कायम गर्न सफल भइन् । तत्पश्चातको दुःखद संयोग भन्नु पर्ला तथातगको महापरिनिर्वाण भएको सयौ वर्ष पछि बुद्धधर्मको उद् गमस्थल तत्कालिन भारतीय उपमहाद्विपबाट विपश्यना आदि निर्वाणफल प्राप्त गर्ने ज्ञान मार्ग सहित लामो समयावधिको लागि थेरवाद बुद्ध धर्म लोप भएको क्रममा भिक्षुणी संघ पनि विलिन भयो । फलस्वरुप आजसम्म पनि अन्तरराष्ट्रिय स्तरमा ब्रम्हदेश (म्यानमार) श्रीलङ्का, एवम् थाइलैण्ड जस्ता लाखौको संख्यामा भिक्षु, भिक्षुणीहरू भएको देशमा महिला गृहत्यागीहरूलाई पूर्णरुपले भिक्षुणीको सम्मान प्रदान गरेको देखिदैन। यस सन्दर्भमा नेपालको प्रचलनलाई अध्ययन गर्दा शायद बुद्धलाई जन्मदिने माताको देश भएर होला नेपालमा भिक्षुणीहरू प्रति धेरै भेदभाव छैन । हालंको अखिल नेपाल भिक्षु महासंघबाट औपचारिकरूपमा भिक्षुणी संघलाई मान्यता प्रदान नगरेतापनि आफु दिक्षित एवम् प्रशिक्षित मुलुकहरूमा नभएको भिक्षुणी संघ नेपालमा स्थापना गर्न अभिनन्दित भिक्षुणी धम्मवती गुरुमाँ सफल हुनु भएको छ । नेपालका सम्पूर्ण महिला गृहत्यागी गुरुमाँहरू ऐक्यवद्ध हुन विशेष उर्जा प्रदान गर्न सफल "अन्तरराष्ट्रिय भिक्षुणी संघको" स्थापना पनि धम्मवती गुरुमाँको विशेष योगदानहरू मध्येको एक हुन् ।

एसियाका अन्य मुलुकहरूको तुलनामा नेपालमा भिक्षुहरूबाट भिक्षुणी अर्थात् सकल गुरुमांहरूलाई मैत्रीपूर्ण व्यवहार भैरहेको छ भने भिक्षुणी संघको कार्यकलापमा खिचोला वा विरोध गरिएको छैन। खास गरी श्रद्धेय संघनायक र संघउपनायक भन्ते द्वयको गुरुमांहरूप्रति  मैत्रीपूर्ण व्यवहारको लागि अति वन्दनिय छन भने वहाँ भन्तेहरूको आशिर्वादले अन्तरराष्ट्रिय भिक्षुणी संघलाई थप उर्जा प्रदान भैरहेको छ । एउटा उपासक एवम् गुरूमांहरूको विहारका व्यवस्थापकको हैसियतले यो परम्पराले अझ सुदृढरूपमा निरन्तरता पाइरहोस् भन्ने प्रार्थना गर्दछु ।

चिरं तिट्ठतु सद्धम्मो ! ❖

## व्यक्तित्व सम्मान



*२०७० आश्विन २५ गते, शुक्रवार*

यसदिन हाम्रो मित्र युवा क्लबद्वारा १२ औं व्यक्तित्व सम्मान कार्यक्रम सञ्चालन गरिएको समाचार छ। प्राप्त समाचार अनुसार पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको प्रमुख अतिथित्वमा क्षेत्रपाटी प्यालेसमा सञ्चालित उक्त कार्यक्रममा धर्मकीर्ति ज्ञानमाला भजनकी उपसचिव रामेश्वरी महर्जनले बुद्ध शिक्षा प्रचार प्रसार कार्यमा योगदान पुर्‍याउनु भए वापत प्रमुख अतिथीबाट प्रशंसापत्र र दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

हाम्रो मित्र युवा क्लबका अध्यक्ष कुमारदेव मानन्धरको उपलक्ष्यमा सञ्चालित उक्त कार्यक्रममा जनकवी दुर्गालाल श्रेष्ठलाई पनि सम्मान गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

# धर्म के हो ?

✍ सिद्धिरत्न स्थापित

धर्म शब्द धारण शब्दबाट आएको हो । धर्मलाई धारण गर्ने भन्दा ग्रहण गर्ने र अपनाउने हो । कस्तो किसिमको कुरा ग्रहण गर्ने हो भन्दा ज्ञानीवर्गहरूले दिएको उपदेश र कुशल कर्महरू ग्रहण गर्ने हो ।

अब धर्मको परिभाषा तिर जाऔं । धर्मको परिभाषा भनेको आफ्नो मन वचन र शरीरले आफ्नो र अरुको हितोपकार कार्य गर्नुलाई धर्म भनिन्छ । त्यसको लागि हाम्रो मनमा मैत्री, करुणा, मुदिता र उपेक्षालाई जतनसाथ अभ्यास र पालन गर्नु पर्दछ । यस सम्बन्धमा सर्व साधारणहरूलाई धर्म सम्बन्धी ज्ञानको राम्ररी व्याख्या गर्न दान, शील र भावनाको कुरा पनि समावेश गर्नु आवश्यक छ ।

१) **मैत्री**– सबै प्राणी प्रति मैत्री भाव राख्ने, कसै प्रति पनि दुर्भाव नराख्ने, सबै प्राणीको सुख होस् सबैको उन्नति होस्, सबैको जीवन सफल होस् भनी कामना गर्नु मैत्री हो ।

२) **करुणा**– सबै प्राणी प्रति दया, माया देखाउने कुनै पनि दुःख परेमा व्यक्ति र अशक्त व्यक्तिहरूलाई आफूले सकेको मद्दत गरी उनीहरूको दुःखलाई कम गराउने अथवा निर्मूल पार्नु पनि करुणाको कुरा हो ।

३) **मुदिता**– धर्मको व्याख्या अनुसार कसैको जीवन सफल भएको, उन्नति गरेकोमा उनीहरूको सफलतामा आफू पनि खुसी हुनु मुदिता हो । ईर्ष्या र रीस नगर्नु हो । कसैले राम्रो काम गरेकोमा आफूले पनि सघाउने हुनु मुदिता हुनु हो ।

४) **उपेक्षा**– उपेक्षा भनेको समताभाव हो । सबै प्रति समान भावले व्यवहार गर्ने उपेक्षा हो । कसैले आफू प्रति नराम्रो भाव राखेको, आफूलाई दुःख दिएमा, त्यस्ता प्रति कुनै बदला लिने नियत सहितको योजना नबनाउनु आफू प्रति राम्रो भाव राख्ने व्यक्तिसरह व्यवहार भएको सोच्नु र प्रतिकूल परिस्थितिमा समेत मनलाई शान्त राख्ने गर्नु उपेक्षा भाव हो ।

५) **दान**– आफूसँगै भएको सम्पत्ति, आफूले आर्जन गरेको सम्पत्ति मध्ये आफूलाई कुनै पनि असर नहुने गरी केही अंश आवश्यक व्यक्तिहरूलाई त्याग गरेर दिनु दान हो । जस्तो माहुरीले फूलबाट रश चुस्दा फूललाई कुनै असर हुँदैन । हामीहरूमा भने दान दिने कुरा आउने बित्तिकै पुरोहितलाई दान दिई पुण्य कमाउने भन्ने बुझिन्छ । धर्म अनुसार पुरोहितलाई नै दान दिनुपर्छ भनिएको होइन । दान भनेको आफ्नो तर्फबाट अरूको हितोपकार सोची सहयोग स्वरुप जसलाई आवश्यक हुन्छ त्यस्ता व्यक्तिलाई दिनुलाई दान भनिन्छ ।

६) **शील**– शील शब्द आचरणको अर्थमा आएको हो । यसमा गौत्तम बुद्धद्वारा प्रतिपादन गरेको पञ्चशील मुख्य हो । पञ्चशील भनेको (क) हिंसा नगर्नु (ख) चोरी नगर्नु (ग) व्यभिचार नगर्नु (घ) झूठो नबोल्नु (ङ) मादक पदार्थ सेवन नगर्नु पञ्चशील हुन् ।

**(क) हिंसा नगर्नु**– हिंसा नगर्नुको अर्थ हो निरपराध पशु पन्छीलाई धर्मको नाममा अथवा अरु कुनै स्वार्थको बहानामा हिंसा नगर्नु हो । यज्ञमा धर्मको नाममा बलि, हिंसा गरिन्छ । हिंसालाई धर्म भन्ने हो भने पाप कर्म केलाई भन्ने हो ? धर्मका नाममा केही व्यक्तिहरूद्वारा निर्बोध प्राणीको पञ्च बलि दिएका खबर पत्र पत्रिका र विद्युतीय माध्यमद्वारा प्रचार–प्रसार समेत भएको देखिन्छ । वास्तवमा पञ्च बलि भनेको मानवमा भएको पाँच वटा विकार अथवा कुभावना अथवा विचार लाई त्याग्नु नै पञ्च बलि दिनु हो । जस्तै काम, क्रोध, लोभ, मोह र अहंकारलाई त्याग्नु हो । यस्ता पाँच वटा कुविचार त्याग्न सकेमा मानव मात्रको लागि कल्याण हुनेछ । धर्मको नाममा बोकालाई कामको प्रतीक, कुखुराको भालेको क्रोधको प्रतीक, परेवालाई लोभको प्रतीक, हाँसलाई मोहको प्रतीक र राँगोलाई अहंकारको प्रतीक मानी पाँचवटा निरपराध पशु पन्छीहरूको हत्या हिंसा गरेर धर्मको ढ्वाङ फुक्ने व्यक्तिहरूको यहाँ कमी छैन । हाम्रो देशमा संसारमा नभएका चलन लिई हवाईजहाजमा दशैं जस्तो बेला कालो बोकालाई बलि दिने गरिन्छ । के बोकालाई बलि दिँदैमा दुर्घटनामा कमी आएको छ ?

**(ख) चोरी नगर्नु**– चोरी नगर्नु भनेको कसैको कुनै पनि चीज वस्तु कुनै पनि किसिमबाट कसैबाट नदिइकन



Downloaded from http://www.dhamma.digital

नलिनु । तसर्थ चोरी नगर्नु भनेको पनि पाप कर्मबाट बच्नु हो ।

(ग) **व्यभिचार नगर्नु**– समाजमा कलह र झै–झगडा हुने प्रमुख कारण मध्ये विवाहित महिला तथा पुरुषहरूले अरु महिला वा पुरुषसँग व्यभिचार गरी अनैतिक सम्बन्ध राख्नु हो । भगवान बुद्धद्वारा यस्तो कर्मलाई पूर्णतया वर्जित गरिएको छ ।

(घ) **झूटो नबोल्नु**– झूटो नबोल्नुको मतलब अरुलाई बिगार्ने नियतले झूटो नबोल्नु भनेको हो । यदि झूटो बोल्दा कसैको प्राण रक्षा हुन्छ अथवा कसैलाई कल्याण हुन्छ भने पनि उपाय कौशल्य अपनाइ झूटो नहुने गरी धर्म सम्मत कुरा गरी बनाउनु हो । सत्यमेव जयते संधै भनी रहन पर्ने कुरा होइन । समय र परिस्थिति अनुसार कहिले काँही अप्ठ्यारो परेको बेला तरिकासाथ बोल्नु आवश्यक हुन्छ ।

(ङ) **मादक पदार्थ सेवन नगर्नु**– धेरैजसो हिंसा झै झगडा, अपराधी क्रियाकलाप, क्यान्सर जस्ता प्राण घातक रोग, मुटुको व्यथा आदि मादक पदार्थको सेवनबाट भएको हामीहरूले देखेका छौं । अतः पञ्चशील मध्ये अन्तिम शील भनेको मादक पदार्थ सेवन नगर्नु हो । धेरै जसो सर्वहारा वर्ग (जसको आफ्नो श्रीसम्पत्ति केही नभएको दैनिक काम गरेर खाने व्यक्तिहरू) र ग्रामीण भेगमा बसोबास गर्ने व्यक्तिहरू मादक पदार्थ सेवन गर्ने धनीमानीहरू जस्ता लतमा फसेका देखिन्छ । मादक पदार्थको खराब असर बारेमा व्यापक प्रचारप्रसार गरी यस्ता पदार्थको सेवन गर्ने बानीबाट छुटाउनु राम्रो कुरा हो ।

(च) **भावना**– हामीहरूमा सदैब सबै प्राणी प्रति राम्रो भावना हुनुपर्छ । सबैको शुभ होस्, सबैको मंगल होस्, सबैको कल्याण होस् भन्ने भावना मानव मात्रमा हुनुपर्ने गुण हो । यहि नै धर्म हो । ❖

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



***जन्म :***
***२००८ कार्तिक २८ गते***

***दिवंगत :***
***२०७० असोज १ गते***

# दि. सानुकिरण श्रेष्ठ (राम)

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **सानुकिरण श्रेष्ठ**
यही २०७० असोज १ गतेका दिन दिवंगत हुनुभयो । यस दुःखद् क्षणमा
शोक सन्तप्त परिवारले संसारको अनित्य, दुःख र
अनात्म स्वभावलाई बुझी धैर्य धारण गर्न सकुन् भनी कामना गरी दि. सानुकिरण
प्रति मैत्रीपूर्ण पूण्यानुमोदन गरिएको छ ।

## धर्मकीर्ति पत्रिका परिवार

**धर्मकीर्ति विहार**




Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

## डा. रङ्गारावबाट भिक्षुणी धम्मवतीलाई स्वास्थ्योपचारार्थ मैत्रीपूर्ण दान



*डा. रङ्गारावले भिक्षुणी धम्मवतीलाई स्वास्थ्योपचार खर्च दान दिनुहुँदै*

वि. एल. कपूर मेमोरियल हस्पिटल दिल्लीस्थित क्यान्सर डिपार्टमेन्टका क्यान्सर सम्वन्धी प्रमुख डाक्टर रङ्गारावले भिक्षुणी धम्मवतीको सिघ्र स्वास्थ्यलाभको कामना गर्नुहुँदै रु. ११,०००/– आई.सी. मैत्रीपूर्ण दान दिनु भएको छ ।

डा. रङ्गाराव नेपाल आउनुहुँदा उहाँले भिक्षुणी धम्मवतीको स्वास्थ्य स्थिति विषय जानकारी लिनुहुँदै पटक पटक उपचार कार्य पनि सञ्चालन गर्नु हुन्थ्यो ।

डा. रङ्गारावको यस मैत्रीपूर्ण सहयोगको लागि धर्मकीर्ति विहार परिवारले साधुवाद व्यक्त गर्दै उहाँको उन्नति अभिवृद्धि एवं आयु आरोग्य कामना गरेको छ ।

## अंगुत्तर निकाय (दुक निपात) जानकारी

*२०७० भाद्र १५ गते*

***विषय- अंगुत्तर निकाय (दुक निपात)***

*प्रवचक- मदनरत्न मानन्धर*

*प्रस्तुति- उर्मिला तुलाधर*

यसदिन मदनरत्न मानन्धरले दुक निपातको प्रवचन गर्दै भन्नुभयो । "प्रत्ययको कारणले नै पाप, अकुशल धर्म उत्पन्न हुने हो । ती प्रमुख प्रत्ययलाई नै नाश गर्न सकेको खण्डमा ती पाप, अकुशल धर्म नै उत्पन्न हुँदैन ।"

अरुलाई हानी, नोक्सान हुने काम गर्नुलाई नै पाप भनिन्छ । प्रत्यय, निमित्त, निदान, हेतु भएर नै अकुशल धर्म उत्पन्न हुने हो ।

शरीर, वचन, मन यी तीन द्वारहरू हुन् । मनलाई हामीले नियन्त्रणमा राख्न सकेन भने मनले हामीलाई अकुशल कार्य गर्न प्रेरित गर्छ । अनि शरीर, वचनले अकुशल कर्म गर्दै जान्छ ।

हाम्रो यो मानिसको जुनि अति नै दुर्लभ छन् । यो दुर्लभ जीवनलाई सार्थक बनाउनु छ । त्यसैले हामीले कुशल, अकुशललाई केलाउँदै कुशल कार्य गर्‍यौं भने, कुशल कर्मको फल राम्रै हुन्छ ।

"अकुशल कर्म कहिल्यै नगर्नु, कुशल कर्म गर्दै जानु
आफ्नो चित्तलाई शुद्ध पार्नु, यही नै बुद्धको उपदेश हो ।"

## भगवान बुद्ध र नेतृत्वको गुण धर्म

*२०७० आश्विन ५ गते*

*विषय- भगवान बुद्ध र नेतृत्वको गुण धर्म*

*प्रवचक- श्रद्धेय शान्त मैत्री भन्ते*

*प्रस्तुती- सुभद्रा स्थापित*

यसदिन श्रद्धेय शान्त मैत्री भन्तेले "भगवान बुद्ध




Downloaded from http://www.dhamma.digital

र नेतृत्वको गुण धर्म" विषयको प्रवचन गर्नुहुँदै भन्नुभयो– साना–सानादेखि लिएर ठूलठूलो संघ संस्था, स्कूल देखि कलेज, घर देखि अन्तरराष्ट्रिय देशसम्म र लडाईंको मैदान आदि इत्यादि ठाउँहरूमा कुनै कार्यक्रम सञ्चालन गर्नको लागि एक न एकजना नायकले नेतृत्व गरेको हुनुपर्छ । नायक बिना कुनै कार्यक्रम राम्रो सफल हुन सक्दैन । तर एकभन्दा बढी नायक भयोभने पनि राम्रो हुँदैन । त्यसैले नायक एकजना मात्र हुनुपर्छ । यो सक्षम भएर अरुलाई पनि त्यस्तै आफूजस्तै तुल्याउन सक्ने क्षमता हुनुपर्छ ।

त्यस्तो नायक कोही आफू अगाडि सरेर नेतृत्व गरेको हुन्छ भने अर्को खालको आफू पछाडि अथवा अन्तिममा गोठालो जस्तो बसेर नेतृत्व गरिरहेको उल्लेखित पाइन्छ ।

# अहोरात्री महापरित्राण पाठ सम्पन्न



*महापरित्राण पाठ गर्नुहुँदै धम्मवती गुरुमां प्रमुख अन्य गुरुमांहरू*

*दि. रत्नमञ्जरी गुरुमां*

*२०७० आश्विन २९ गते, मंगलवार*
*स्थान- धर्मकीर्ति विहार*

रत्नमञ्जरी गुरुमां दिवंगत हुनुभएको ७ वर्ष पुगेको पुण्य तिथिलाई लिएर उहाँको पुण्यस्मृतिमा धर्मकीर्ति विहारमा यसदिन पूज्य भिक्षुणी धम्मवती गुरुमांको निर्देशनमा भिक्षुणी गुरुमांहरूको समूहले अहोरात्री महापरित्राण गरेको थियो ।

भोलिपल्ट आश्विन ३० गते पूज्य भिक्षु संघ लगायत भिक्षुणी गुरुमां संघलाई दिवंगत रत्नमञ्जरी गुरुमांको पुण्यस्मृतिमा भोजनदान लगायत दान प्रदान कार्य सम्पन्न गरी पुण्यानुमोदन गरिएको यियो ।



Downloaded from http://www.dhamma.digital

## न्यागः मणि भ्रमण



*धर्मदेशना गर्नुहुँदै कुसुम गुरुमां*

*निर्माणाधिन अवस्थामा रहेका ३ वटा चैत्यहरू*

*२०७० कार्तिक २ गते, शनिवार*

*स्थान- न्यागःमणी जीतपुर फेदी*

यसदिन धर्मकीर्ति विहारले जीतपुर फेदी स्थित न्यागःमणि स्थान भ्रमण कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रम अनुसार विहान जम्मा ३ वटा बसले भरिएको उपासकोपासिकालाई साथमा लिई धर्मकीर्ति विहारमा केशावती गुरुमां लगायत अन्य भिक्षुणी गुरुमांहरूले जितपुर फेदी स्थित न्यागः मणि भ्रमण गरिएको थियो । न्यागः मणिमा जीर्ण भएर गएका ५ वटा चैत्यहरू मध्ये ३ वटा चैत्यलाई न्यागः मणि चैत्य जिर्णोद्धार समितिले जिर्णोद्धार गरी निर्माणाधीन अवस्थामा राखिएको पाइएको छ भने अन्य २ वटा चैत्यहरू त जग देखि नै निर्माण गर्न बाँकी नै रहेको छ ।

यसको लागि उक्त समितिका अध्यक्ष निर्मल तुलाधर, उपाध्यक्ष लक्ष्मीनारायण मानन्धर सहित अन्य कार्यकारिणी सदस्यहरू लगायत स्थानिय वासिन्दाहरूको पनि थुप्रै सहयोग जुटिएको पाइएको छ । यसको साथै धर्मकीर्ति विहारबाट आयोजित भ्रमण कार्यक्रममा जानुभएका गुरुमांहरू र उपासकोपासिकाहरूले पनि सश्रद्धा चन्दा सहयोग प्रदान गरेको छ ।

उक्त कार्यक्रममा कुसुम गुरुमांले बुद्ध पूजा गराउनु भई धर्मदेशना गर्नुभएको थियो । यसको साथै ज्ञानमाला भजन पनि प्रस्तुत गरिएको थियो ।

## साधुवाद पत्र प्रदान

*२०७० कार्तिक १० गते, अष्टमी*

यसदिन नेवाः जागरण मञ्चका अध्यक्ष सुजीव वज्राचार्य, उपाध्यक्ष, अमृत ताम्राकार, लगायत अन्य सदस्यहरूलाई धर्मकीर्ति संरक्षण कोषको तर्फबाट सम्मान गरी साधुवादपत्र प्रदान गरिएको थियो ।

पूज्य भिक्षुणी धम्मवती गुरुमांले भाषा साहित्य एवं सामाजिक र धार्मिक क्षेत्रमा पुऱ्याउनु भएको योगदानलाई कदर गर्दै नेवाः जागरण मञ्चले उहाँलाई आश्विन १२ गते शनिवारका दिन सम्मानपत्र चढाई भव्य रुपमा सम्मान गरिएको थियो ।

नेवाः जागरण मञ्चको यस सराहनिय कार्यलाई साधुवाद प्रकट गरी यसदिन धर्मकीर्ति विहारमा धम्मवती गुरुमांको अध्यक्षतामा धर्मकीर्ति संरक्षण कोषले सम्मान कार्यक्रमको आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा धर्मकीर्ति संरक्षण कोषका उपाध्यक्ष द्रव्यमान सिंह तुलाधरले नेवाः जागरण मञ्चका अध्यक्ष सुजीव वज्राचार्यलाई साधुवादपत्र प्रदान गर्नुभएको थियो । यसरी नै उहाँलाई सम्झनाको चीनो स्वरुप स्वयम्भू चैत्य पनि प्रदान गरिएको थियो । कार्यक्रममा नेवाः जागरण मञ्चका अध्यक्ष, उपाध्यक्ष लगायत अन्य



Downloaded from http://www.dhamma.digital



*नेवाः जागरण मञ्चका अध्यक्ष सुजीव वज्राचार्यलाई साधुवाद पत्र प्रदान गर्नुहुँदै दाता द्रव्यमानसिंह तुलाधर*

सदस्यहरूलाई खादा ओढाई सम्मान गरिएको थियो ।

उक्त कार्यक्रममा धर्मकीर्ति संरक्षण कोषका सचिव मीना तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने नेवाः जागरण मञ्चका अध्यक्ष सुजीव वज्राचार्यले मन्तव्य व्यक्त गर्नुहुँदै राम्रो चित्त अगाडि सारी गरिएको कार्य र इच्छा पूरा हुँदो रहेछ भन्नुहुँदै धम्मवती गुरुमांको योगदानलाई जनजन समक्ष पुऱ्याउनु पर्ने मनसाय व्यक्त गर्नुहुँदै नेवाःजागरण मञ्चको भावी कार्यक्रम प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा भिक्षुणी धम्मवतीले आशिर्वचन व्यक्त गर्नुहुँदै मानिसहरूले आफ्नो जीवनमा केही न केही असल कार्य गर्नको लागि मेहनत गरिरहनु पर्ने र दान, शील, ध्यानको अभ्यास गरिरहनु पर्ने विषयमा सल्लाह दिनु भएको थियो ।

यसरी नै धर्मकीर्ति संरक्षण कोषका सदस्य मदनरत्न मानन्धरले धन्यवाद व्यक्त गर्नुभएपछि भिक्षुणी धम्मवतीले पुण्यानुमोदन गर्नुभई कार्यक्रम समापन गरिएको थियो ।

## सेक्ख सुत्त

*२०७० श्रावण १२ गते*
*विषय- सेक्ख सुत्त (शैक्ष सूत्र) मज्झिम निकाय*
*प्रवचिका- श्रद्धेय इन्दावती गुरुमां*
*प्रस्तुती- मिनरवती तुलाधर*

यसदिन इन्दावती गुरुमांले सेक्ख सुत्त (शैक्ष सूत्र) को विषयमा प्रवचन दिनुभएको थियो ।

धम्मपद गाथा व यमकवग्गो (युगल वर्ग) अनुसार–

**असुभानुपस्सिं विहरन्तं – इन्द्रियेसु सुसंवुत्तं ।**
**भोजनम्हि च मत्तञ्ञु – सद्धं आरद्धवीरियं ।**
**तं वे नप्पसहति मारो – वातो सेलं वव पब्बतं ।**

*अर्थ–* इन्द्रिय संयम गरी, भोजनमा मात्रा ज्ञान राख्ने र श्रद्धा वीर्य कायम राखेका व्यक्तिहरूलाई पर्वतको ढुङ्गा बतासले हल्लाउन नसकेझैं मारले डगाउन सक्दैन ।

सेख भन्नाले शैक्ष पुद्‌गल अभ्यासमा लागिरहने व्यक्तिहरूलाई भनिन्छ ।

आर्यश्रावकहरूसंग हुने गुण–
१) शील सदाचार सम्पन्न हुनु । २) इन्द्रिय संयमी (संवर) हुनु ।
३) भोजनको मात्रा ज्ञान हुनु । ४) जागृत भइराख्नु ।
५) सप्तधर्म (सद्धम) सम्पन्न हुनु ।

सप्तरत्न भन्नाले–
१) श्रद्धाले सम्पन्न हुनु । २) पापकर्ममा लज्जा हुनु ।
३) पापकर्ममा भय उत्पन्न हुनु । ४) बहुसुत्त हुनु ।



Downloaded from http://www.dhamma.digital

५) वीर्यवान् हुनु ।　　６) स्मृतिवान हुनु ।
७) प्रज्ञावान हुनु ।

यो धर्म देशना भगवान् बुद्धले कपिलवस्तुमा शाक्यहरूले बनाइ दिनुभएको न्यग्रोधाराममा विराजमान भएको बेलामा बताउनु भएको थियो ।

## धर्मकीर्ति ज्ञानमाला भजनको गतिविधि

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

**(१) २०७० आश्विन ३१**

यसदिन उपासिका मैयाँ प्रजापति सपरिवारको तर्फवाट बुद्धपूजा र ज्ञानमाला भजन कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा भिक्षुणी डा. अनोजाले बुद्धपूजा र परित्राणपाठ कार्यक्रम संचालन गर्नुभएको थियो । उक्त कार्यक्रममा धर्मकीर्ति ज्ञानमाला भजन समूहले ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो ।

उपासिका मैयाँ प्रजापतिले उक्तदिन धर्मकीर्ति ज्ञानमालालाई रू. ५६००।- चन्दा सहयोग प्रदान गर्नुभई पुण्य सञ्चय गर्नुभएको थियो ।

यसरी नै ध.की.ज्ञानमालाले दाता उपासिका सहित सपरिवारको सुस्वास्थ्य कामना गर्दै सम्भनाको चिनोको रूपमा भिक्षुणी डा. अनोजाले धर्मचैत्य उपहार प्रदान गर्नु भएको थियो ।

**(२) २०७० कार्तिक ४ गते सोमबार–**

यसदिन राजेश श्रेष्ठ शोभा श्रेष्ठ सपरिवारको तर्फबाट श्रीघःविहारमा कठिन दान गर्नु भएको थियो । उक्त कार्यक्रममा धर्मकीर्ति ज्ञानमाला भजन समूह र श्रीघः ज्ञानमाला भजन समूहहरूबाट ज्ञानमाला भजन प्रस्तुत गरिएको थियो ।

उक्त कार्यक्रममा दाता परिवारले ध.की. ज्ञानमाला भजनलाई रू. ३०५५।-रकम चन्दा सहयोग प्रदान गर्नुभई पुण्य सञ्चय गर्नुभएको थियो । दाता परिवारलाई ध.की.ज्ञानमाला भजनले आयु आरोग्य निरोगी कामना गरिएको छ ।

**(३) आय व्यय विवरण–**

धर्मकीर्ति ज्ञानमालाका उपाध्यक्ष जुजुभाई शाक्य दिवंगत हुनु भएको बेला विविध कार्यक्रम सञ्चालनार्थ, उठेको आय र उक्त कार्यक्रमको लागि गरिएको खर्च विवरण

आय – रु. ३४००/–

**खर्च विवरण**

संवेदना प्रकाशनार्थ –

| | |
|---|---|
| - स्व. प्रज्ञारत्न वज्राचार्यको संवेदना | – रु. १३००/– |
| - स्व. जुजुभाई शाक्यको संवेदना | – रु. ६३७५/– |
| - श्रद्धाञ्जली व्यानर | – रु. ३६०/– |
| - विविध खर्च | – रु. ४००/– |
| जम्मा खर्च | – रु. ८४३५/– |
| जम्मा आय | – रु. ३४००/– |
| नपुग रकम | – रु. ५०३५/– |

नपुग रकम धर्मकीर्ति ज्ञानमाला भजन कोषबाट व्यहोरिएको कुरा पनि उल्लेख गरिएको छ ।

## बुद्ध धर्म व सुशासन

*२०७० भाद्र २९ गते, शनिवार*

***विषय- बुद्ध धर्म वा सुशासन***

*प्रवचक- त्रिरत्न मानन्धर*

*प्रस्तुती- सुमीता तुलाधर*

*स्थान- धर्मकीर्ति विहार, श्रीघः*

बुद्ध धर्मय् शासन अनुशासन धैगु छु नं पाप कर्म मयाय्गु अकुशल कर्म मखु कुशल कर्म याय्गु खः । राज्य सञ्चालन याइम्ह जुजु वा शासन सञ्चालन याइम्ह शासकतय् न्ह्याबलें जनता प्रति राग, द्वेष मखु मैत्री करुणा उपेक्षा भाव ब्वलंकेमाः जनतां दुःख मखु सुख सिइकेगु बिचा दुम्ह व्यक्ति जुइमाः । जनतातय्के कयागु करं जनतायात हे सुबिधा बिइगु लँया सुबिधा, मतया सुबिधा, शिक्षाय् स्कूल कलेजया बाँलागु ब्यवस्था आर्थिक कमजोर पिन्त ब्वनेगु सुविधा, ब्यापार क्षेत्रय् लगय् जूपिन्त कमेयागु आर्थिक ग्वाहालि याना बिइगु, बुढा-बुढीपिन्त बृद्ध भत्ता, च्वनेत बाँलागु सुबिधा, ब्यवस्था मिलय् याना बिइगु, देशय् ल्वापु मखु शान्त वातावरणं ज्वीमाः जनताया छुं कथंया न मगाःमचाःगु महशूस मजुइगु हे व देशया सुशासन ब्यवस्था बाँलाकेगु खः धैगु खँ भाजु त्रिरत्न मानन्धरं कना दिल ।

भगवान बुद्धं नं राज्य सञ्चालन याइपिं राज्य सञ्चालक तयके दय्माःगु गुण धया बिज्याःगु दु–

१) क्षमा– विभिन्न प्रतिकूल परिस्थिति वइबले नं सामना यायेगु शक्ति, सहनशीलता दय्माः । आत्तय् चाय् मज्यू ।

२) जागरिय गुण– नेतृत्व कया च्वपिसं न्ह्यलं चाय्का च्वनेमाः ।



Downloaded from http://www.dhamma.digital

३) वीर्य– विकासया ज्याय् उत्साह दया च्वनेमाः बाँलागु ज्याय् उत्साह दय्माः ।
४) सम बिभाग गुण– जुजुपिन्थाय् चाकरीबाजत वयाः बाँलाःगु खँ नं बाँमलाकाः बाँमलागु खँ नं बाँलाकाः वइबले (स्मृति) बल्लाक, बाँलागु खँ यात हौसला बियाः सतर्क जुइमाः ।
५) दया गुण– जनताप्रति भेदभाव मतसे प्रत्येक जनता तय्त जीवन थकाय्गु गुण दय्माः ।
६) इखना गुण– विभिन्न प्रतिकूल परिस्थिति वइबले नं समस्या समाधान यायेगु प्रभावकारी लँ क्यनेगु याय् फुम्ह जुइमाः ।

**मेगु १० राज धर्म –**

१) दान– बिइ सय्क्य माः । जनता तय्के कयागु करं जनताया बाँलागु सुविधा बिई सय्क्य माः ।
२) शीलवान् जुइमाः ।
३) माल धाःसा परित्याग याय् फय्क्य माः ।
४) ओपनय्यिको गुण दय्माः, ब्यक्वय्क खँ ल्हाइम्ह जुइमज्यू ।
५) न्याय याय्गु ज्याय् निश्पक्ष जुइमां ।
६) भोग बिलासी मजुसे शुद्ध भोग याय् सय्क्य माः ।
७) सुइतं घात यानाः समस्या समाधान याय्मज्यू ।
८) धैर्यता गुण दय्माः ।
९) बदलाया भाव मदय्माः ।
१०) क्रोधीभाव जुइमज्यू ।

## ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग

१) प्रकाश वीरसिं तुलाधर, लाजिम्पाट रु. १५००/–
२) बाबु राजा तुलाधर, ग्लास हाउस, असन, रु. १५००/–
३) भिक्षु संघरक्खित जितवन विहार, थानकोटबाट स्व. बुबा वेदराम शाक्यको पुण्यस्मृतिमा (पप्पियापुर, फरुखावाद) रु. १०००/–
४) हरिमान रञ्जित छाउनी रु. १०००/–
५) पद्मकुमारी उदास रु. १०००/–
६) साहित्य रत्न तुलाधर, पूर्णशोभा तुलाधर, कमलादी, काठमाडौं रु. १०००/–
७) केशचन्द्र शाक्य, बनेपा, रु. ५००/–
८) सुरेश शाक्य, Hi-Tech Graphic Printer, बुद्धनगर, नयाँ बानेश्वरबाट बालिकाहरूलाई T-Shirts प्रदान
९) निर्मला तुलाधर, विजेश्वरी, काठमाडौं बाट बालिकाहरूलाई School Bags 12 प्रदान
१०) लक्ष्मी रत्न शाक्य परिवार, बनेपा, लक्ष्मी पूजाकोदिन आफ्नो जन्मदिनको उपलक्ष्यमा बालिकाहरुलाई भोजन प्रदान ।

### ❀ आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू :

११) श्री लक्ष्मी नरसिं बादे श्रेष्ठ, बनेपा, आफ्नो जन्मदिनको उपलक्ष्यमा रु. १५०००/–
१२) श्री जीबन मानन्धर, बनेपा, स्व. बुबा पूर्ण लिवि मानन्धरको पुण्यस्मृतिमा रु. १५०००/–
१३) स्ट्यान्डर्ड बचत तथा ऋण सहकारी संस्था.लि., बनेपा-६ सहयोग स्वरुप रु. १५०००/–
१४) बनेपा बचत तथा ऋण सहकारी संस्था. लि. बनेपा सहयोग स्वरुप रु. १५०००/–

## दशैं

✍ सुमेधावती

दशैं मानियो जसले शुद्ध रुपले
श्रद्धाले ध्यान केन्द्रमा आएर
शील धर्म पालना गरिकन
ध्यान भावनामा तल्लिन भएर

चित्तलाई शुद्ध निर्मल पारी
राग, द्वेष, मोहबाट अलग्गीकन
मन, वचन र शरीरलाई संयम गरेर
ध्यान गरेर अप्रमादी भईकन

अन्य कर्मकाण्डबाट अलग्गिएर
शुद्ध शाकाहारी भोजन गरेर
दिनहुँ बुद्ध धर्म संघको शरणमा
ज्ञानी बनी भावना मै मस्त रहेर

आहा ! यस्तो पो दशैं कुशल रहेछ
ध्यान भावना भन्नाले उसैको हुन्छ
प्रज्ञा उत्पत्ती भई सुकर्म बन्ने छ
क्लेशहरू नाश भई निर्वाणको छेउ पुग्ने छ

बौद्ध यस्तै व्यक्तिलाई भन्न मिल्छ
स्मृती प्रस्थान भावनामा हिंडेर
मिथ्यादृष्टिबाट अलग्ग भएर
दशैं मनाउने विधि यही रहेछ ।



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

# सुगन्ध विहारलाई पुस्तक र शैक्षिक सामाग्री वितरण




श्रद्धेय भन्तेले पुस्तक र पत्रिकाहरू प्रदान गर्नुहुँदै

*२९ भाद्र, तानसेन*

आनन्द विहार परियत्ति केन्द्र, तानसेनबाट रिडी बजार अवस्थित सुगन्ध विहारमा अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा स्थापनाको स्वर्ण महोत्सवको उपलक्ष्यमा एक धार्मिक कार्यक्रम आयोजना गरी बौद्ध परियत्ति पुस्तक तथा सामाग्री बितरण गरिएको समाचार छ ।

प्राप्त अनुसार सुगन्ध विहारका अध्यक्ष श्रीमती भुवनमाया याँछ्येको अध्यक्षतामा संचालित सो कार्यक्रमको शुभारम्भमा श्रीलंका मोनाष्ट्री, लुम्बिनीका विहार अधिपति भिक्षु राजकीय पण्डित के. प्रियदस्सी महाथेरोबाट पंचशील प्रार्थना गराउनु भएको थियो । र अन्तरराष्ट्रिय परियत्ति उदय विहार, शंकरनगर, रूपन्देहीका का.वा. अधिपति भिक्षु प्रज्ञानन्द स्थविरबाट बुद्ध वन्दना सहित बुद्ध पूजा गराइए पश्चात श्रीलंका बुद्धिष्ट एकेडेमी, लुम्बिनीका प्राचार्य भिक्षु अशोक स्थविर बाट सारगर्भित धर्मदेशना भएको थियो । तत्पश्चात् आनन्द विहार परियत्ति केन्द्रका केन्द्राध्यक्ष श्री देवेन्द्रमान शाक्यले सो केन्द्रका तर्फबाट प्रमुख अतिथी श्रीलंका मोनाष्ट्री, लुम्बिनीका विहार अधिपति भिक्षु राजकीय पण्डित के.प्रियदस्सी महाथेरो मार्फत सुगन्ध विहार परियत्ति केन्द्रका लागि सो केन्द्रका केन्द्राध्यक्ष श्री सुवर्णलाल कक्षपतिलाई परियत्ति पुस्तक तथा शैक्षिक सामाग्री प्रदान गर्नु भएको थियो । त्यस्तैगरी ज्ञानमाला संघ, आनन्द विहारका अध्यक्ष श्री रत्नमान वज्राचार्यले सुगन्ध विहारका लागि केहि बौद्ध पुस्तक र पत्रिकाहरू श्रद्धेय भिक्षु मार्फत उक्त विहारका अध्यक्ष श्रीमती भुवनमाया याँछ्येलाई प्रदान गर्नु भएको थियो । कार्यक्रममा एशियाली विकास बैंकमा कार्यरत श्रीलंकाली बौद्ध उपासक महाचार्य प्रियन्त विजयतुङ्गा लगायत रिडी बजारका बौद्ध उपासकउपासिकाहरू लगायत परियत्ति शिक्षार्थीहरूको उल्लेख्य उपस्थिती रहेको थियो ।

सुगन्ध विहार परियत्ति केन्द्रका केन्द्राध्यक्ष श्री सुवर्णलाल कक्षपतिबाट कार्यक्रमको सञ्चालनका साथसाथै स्वागत मन्तव्य सहित विहारका गतिविधी माथि प्रकाश पारिएको उक्त कार्यक्रममा धन्यवाद ज्ञापन गर्नु भएको ।





Downloaded from http://www.dhamma.digital

# वालिङ्गमा परियत्ति पुस्तक र शैक्षिक सामाग्री वितरण

*५ आश्विन, तानसेन ।*

अखिल नेपाल भिक्षु महासंघद्धारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षा स्थापनाको स्वर्ण महोत्सवको उपलक्ष्यमा वालिङ्ग बजारमा आयोजित धार्मिक कार्यक्रममा नेपाल मगर बौद्ध समाज, वालिङ्गलाई आनन्द विहार परियत्ति केन्द्र, तानसेनबाट बौद्ध परियत्ति पुस्तक तथा सामाग्री बितरण गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथी श्रीलंका बुद्धिष्ट एकेडेमी, लुम्बिनीका प्राचार्य भिक्षु अशोक स्थविरज्यूबाट दीप प्रज्वलनका साथै सारगर्भित धर्मदेशना भएको थियो । सो अवसरमा प्रमुख अतिथीज्यूबाट परियत्ति शिक्षाका विद्यार्थीहरूलाई परियत्ति पुस्तक तथा शैशिक सामाग्रीहरू समेत वितरण गरिएको समाचार थियो ।

आनन्द विहार परियत्ति केन्द्र, तानसेनका सदस्य श्री बल बहादुर गाहा एवं श्री सर्जुलाल वज्राचार्यको व्यवस्थापनमा आयोजित सो कार्यक्रममा नेपाल मगर बौद्ध समाज, वालिङ्गका अध्यक्ष श्री हर्ष बहादुर थापाले स्वागत गर्नु भए पश्चात् आनन्द विहार परियत्ति केन्द्रका केन्द्राध्यक्ष श्री देवेन्द्रमान शाक्यले परियत्ति शिक्षा बारे जानकारी गराउनु भएको थियो भने ज्ञानमाला संघ, आनन्द विहारका अध्यक्ष श्री रत्नमान वज्राचार्यले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । उक्त कार्यक्रम वालिङ्ग स्थित प्रज्ञा शान्ती बौद्ध विहारलाई उपासिका श्रीमती गोमा गाहा मगरबाट भवन निर्माणका लागि आर्थिक सहयोग गर्नु भएको थियो । नेपाल मगर बौद्ध समाज, वालिङ्गका सचिव श्री धन बहादुर गाहाबाट धन्यवाद ज्ञापन गरिए पछि पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको समाचार छ ।

## २२७५ औं शस्त्र परित्याग दिवस

नगदेश बौद्ध समूहको आयोजनामा महान धर्म सम्राट अशोकले आज भन्दा २२७५ वर्ष अघिको महान बिजया दशमीको पावन दिनमा कलिङ्ग युद्धबाट पाठ सिकी बिना हात हतियार, अस्त्र-शस्त्र विहिन तवरले राज्य संचालन गरी “निः शस्त्रीकरण अभियानको शुत्रधार” मनाई भब्य बुद्ध पूजा गरिएको समाचार छ । प्राप्त समाचारअनुसार शुभारम्भमा नगदेश बुद्ध विहारमा प्रथम पल्टको बर्षाबास अधिष्ठान गर्नु भएका श्रद्धेय युवा भिक्षु राहुलले पञ्चशील  प्रार्थना गराउनु भयो । बुद्ध पूजा पश्चात् नगदेश बौद्ध समूहका सचिव उपासक कृष्ण कुमार प्रजापतिले शस्त्र-परित्याग दिवसको सान्दर्भिकताबारे विस्तृत तवरले ब्याख्या गरी प्रवचन दिनु भएको सो बुद्धपूजामा नगदेश बुद्ध विहारका उपासिका जगत लक्ष्मी बैद्यले आफ्नो पितृस्नेही परिनिवृत बुबा जगतमान बाडेको र निवार्ण कामनार्थ उपस्थित सम्पूर्ण आमन्त्रित श्रद्धेय भिक्षु गुरूमां लगायत उपासक उपासिकाहरूलाई जलपान र भोजनको ब्यवस्था गरियो । अन्तमा सामूहिक पूण्यानुमोदन गरियो ।

## धर्मचक्र विहारमा २२७५ औ शस्त्र परित्याग दिवस

*२०७० आश्विन २८ गते*

*स्थान- धर्मचक्र विहार, बागवजार ।*

यसदिन थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आयोजनामा २२७५ औं शस्त्र परित्याग दिवस सम्पन्न गरिएको समाचार छ । अ.ने.भि. महासंघका महासचिव श्रद्धेय भिक्षु कोण्डञ्ञको प्रमुख अतिथित्त्वमा संचालित उक्त कार्यक्रम पञ्चशील प्रार्थना गरि शुरू गरिएको थियो । यसरी नै उक्त कार्यक्रम त्रिरत्नको प्रतिकको रूपमा प्रमुख अतिथीले तीनवटा प्रदीप बाली उद्घाटन गर्नु भएपछि परिषदका सदस्य उपासक आशारत्न तण्डुकारले स्वागत भाषण गर्नु भएको थियो ।

समारोहमा सुगत महाविद्यालयका प्राचार्य बौद्ध विद्वान डा. सानुभाई डंगोल डा. लक्ष्मण शाक्य र विपिन् महर्जन र का.म.न.पा. का निवर्तमान मेयर केशब स्थापितले शस्त्र परित्याग दिवसको महत्त्व विषयमा आफ्नो मन्तब्य व्यक्त गर्नुभएका थिए ।

समारोहको अन्त्यमा प्रमुख अतिथी भिक्षु कोण्डञ्ञले मन्तव्य व्यक्त गर्नुहुदै शस्त्र परित्याग दिवस विजया दशमीको दिनमा भन्दा यसको केही हप्ता अगावै अझ आकर्षक ढंगले आयोजना गर्न गराउन निर्देशन दिनुभएको थियो ।

सभाको अन्त्यमा परिषदका कोषाध्यक्ष उपासक संघरत्न शाक्यले साधुवादका साथै धन्यवाद ज्ञापन गरी आफ्नो मन्तव्य व्यक्त गर्नुभयो भने परिषदका अध्यक्ष



Downloaded from http://www.dhamma.digital

वखतबहादुर चित्रकारले सभापतिको आसनबाट आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै सभा विसर्जन गर्नुभएको थियो । अन्त्यमा सामूहिक पूण्यानुमोदन गरी उपस्थित सवैलाई जलपानको समेत व्यवस्था गरिएको थियो ।

## कतिंपुन्हि महोत्सव सम्पन्न

भोजपुर टकसार, शाक्य समाज यलया ग्वसालय् समाजया जः प्रदीप शाक्यया छ्येसं थीथी ज्याभ्वः थुकथं न्हयाःगु बुःखँ प्राप्त जुगु दु ।

- ज्ञानमाला भजन, बुद्धपूजा,
- भिक्षु भद्दिय पाखें धर्मदेशना । परित्राण पाठ उगु ज्याभ्वले उपस्थित जुयाविज्यापिं भिक्षु भद्दिय सहित सकल उपासकोपासिकापिन्त प्रदीप शाक्य सपरिवार पाखें भोजन दानया प्रवन्ध जूगु खँ नं बुखँय् उल्लेख जुयाच्वंगु दु ।

## धर्मकीर्ति ज्ञानमाला भजन प्रस्तुत

*२०७० कार्तिक १७ गते, आइतवार ।*

धर्मचक्र विहारय् श्रद्धेय भिक्षु बोधिज्ञानं वर्षावास स्वला पूवंका विज्याःगु उपलक्षे कठिनदाता भाजु लक्ष्मी व मय्जु हीरादेवी तण्डुकार सपरिवारया ब्वनाय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन प्रस्तुत जूगु बुखँ प्राप्त जूगु दु । प्राप्त बुखँ अनुसार उगु ज्याभ्वले कठिनदाता सहयोगस्वरूप रू. ३५०५।– दां धर्मकीर्ति ज्ञानमाला भजनयात चन्दा लःल्हाःगु खः । ध.की. ज्ञानमाला भजनं वयकःपिनि ताः आयू व भिं उसाँय्या आशिका याःगु खँ नं बुखँय् उल्लेख जुयाच्वंगु दु ।

## थाइलैण्डका संघराजको देहावसान

थाइलैण्डका संघराज सोमदेच् फ्रा ञाणसंवर मिति २०७० कार्तिक ७ गतेका दिन दिवंगत हुनुभएको समाचार छ। प्राप्त समाचार अनुसार उहाँ १०० वर्षको हुनु भएको कुरा बुझिएको छ ।

नेपालका भिक्षु डा. सुगन्ध उहाँका नीजि सचिव रहनु भएको थियो । स्मरणीय छ, काठमाडौंको लगन टोलमा जन्मनु भएका उहाँ भिक्षु सुगन्धलाई थाइलैण्डका राजगुरू संघराज सोमदेच फ्रा ञाणसंवरको एकसय औं जन्म उत्सवको उपलक्ष्यमा थाई राजाको प्रतिनिधि गर्नु हुँदै थाई राजकुमारी सिरिन थोनले "शाक्यवंश विशुद्ध" उपाधिले विभूषित गर्नुभएको कुरा समाचारमा उल्लेख गरिएको छ ।


**धर्मकीर्ति पत्रिकालाई जानकारी प्राप्त भएनुसार वि.सं. २०७० मा सम्पन्न कथिनोत्सव समारोह यसरी रहेको छ–**

| क.सं | कार्तिक महिना | | विहारको नाम र ठेगाना |
|---|---|---|---|
| | गते | वार | |
| १ | ३ | आइत | जितवन विहार, थानकोट; रत्न विपश्यना विहार, सानो भऱ्याङ्ग |
| २ | ४ | सोम | श्रीघः विहार, नःघल; शिखलापुर विहार, धुलिखेल |
| ३ | ५ | मंगल | प्रणिधिपूर्ण विहार, बलम्बु |
| ४ | ६ | बुद्ध | धम्मावास विहार, खुसिबुँ |
| ५ | ७ | बिही | सुमंगल विहार, लुँखुसी, ल.पु. |
| ६ | ८ | शुक्र | संघाराम विहार, ढल्को; शाक्यसिंह विहार, थैना, ल.पु. |
| ७ | ९ | शनि | अन्तर्राष्ट्रिय भावना केन्द्र, संखमूल; बौद्ध जनविहार, सुनागुठी, बुद्ध विहार भृकुटी मण्डप |
| ८ | १० | आइत | ध्यानकुटी विहार, बनेपा; पद्म सुगन्ध विहार, मजिपात; सुदर्शन विहार, बनेपा |
| ९ | ११ | सोम | पूर्वाराम विहार, धुलिखेल; पाटी विहार, पाचो, थिमी |
| १० | १२ | मंगल | मणिमण्डप महाविहार, ल.पु.; शान्तिवन, गोदावरी |
| ११ | १३ | बुद्ध | बुद्धभूमि महाविहार टोखा; धम्मकाय, गोदावरी |
| १२ | १४ | बिही | मातातीर्थ विहार, मातातीर्थ |
| १३ | १५ | शुक्र | नगरमण्डप श्रीकीर्ति विहार, कीर्तिपुर; कुटी विहार, कोटेश्वर |
| १४ | १६ | शनि | पूण्योदय विहार, जल |
| १५ | १७ | आइत | धर्मचक्र विहार, बागबजार |
| १६ | २१ | बिही | बौद्ध समकृत विहार, भक्तपुर |
| १७ | २२ | शुक्र | बोधिचर्या विहार, बनेपा |
| १८ | २३ | शनि | आनन्दकुटी विहार, स्वयम्भू; धापाखेल बुद्ध विहार, ल.पु. |
| १९ | २४ | आइत | गण महाविहार, गणबहाल |
| २० | २६ | मंगल | आनन्दभूवन विहार, स्वयम्भू |
| २१ | २७ | बुद्ध | विश्वशान्ति विहार, नयाँ बानेश्वर |
| २२ | २८ | बिही | शुभमंगल विहार, थानकोट; सिद्धि मंगल बुद्ध विहार, थसि |
| २३ | २९ | शुक्र | नगदेश बुद्ध विहार, ठिमी; जितापुर गन्धकुटी विहार, खोकना |
| | मंसीर | | |
| २४ | १ | शनि | यम्पि महाविहार, इवही; मनमय्जु ध्यानकुटी विहार, मनमय्जु |




Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*बुन्हि :*
*बु.सं. २४६७*
*ने.सं. १०४३ यँलागा:,*
*एकादशी, शनिवार*

*मदुगु न्हि :*
*बु.सं. २५५७*
*ने.सं. ११३३ कौलागा:*
*षष्टी, शुक्रवार*

# दि. भक्तलाल चित्रकार

जिमि जहान ९१ वर्षया उमेरय् दिवंगत जुयादीगुलिं भगवान् बुद्धया शिष्यया नातां चतुआर्य सत्ययात ध्वाथुइका:, आर्य अष्टाङ्गिक मार्गया लिधंसाय् निर्वाण मार्गय् पला: न्ह्याके फय्मा धका: आशिका यानाच्वना । थुगु दु:खया इलय् श्रद्धाञ्जली बिया: जिमित धैर्य धारणयाय्गु लागि आश्वासन बियादीपिं सकल हितकामीपिन्त नं धर्मया आनुभावं भिं ज्वीमा धका: आशिका याना ।

## सूर्यमाया चित्रकार
मैतीदेवी

# पट्ठान पालि देशना पुस्तक विमोचित

गत २०७० साल कार्तिक ९ गते शनिवारका दिन परोपकारी संस्था 'आमाघर', गोदावरीमा म्यानमारका धर्मकथिक भदन्त प्रज्ञाश्री स्थविरज्यूले अडियो सी.डी.मा दिनुभएको २४ प्रतिहारसहितको पट्ठान पालि देशनालाई आवश्यक भाषागत सुधार एवं परिमार्जन गरी श्री दोलेन्द्ररत्न शाक्यज्यूले पुस्तकाकारमा विकसित गर्नुभएको 'पट्ठान पालि देशना' नामाकरण गरिएको पुस्तकको प्रमुख अतिथि तथा विमोचक श्रद्धेय बोधिज्ञान भन्तेले विमोचन गर्नुभएको समाचार छ ।

प्राप्त समाचार अनुसार उक्त विमोचन समारोह प्रज्ञाश्री भन्तेज्यूको सुयोग्य शिष्य आननद भन्तेको र 'आमाघर' का संस्थापक श्री श्रवणबहादुर नेपालीको पनि उपस्थितिको थियो । लेखक प्रस्तोता श्री दोलेन्द्ररत्न शाक्यज्यूले सी.डी.मा भएको प्रवचनलाई पुस्तकाकार दिनुपरेको आवश्यकतालाई औंल्याउँदै पट्ठानको गरिमा र महत्वलाई उजागर गर्दै त्यसलाई सबैले पठन पाठनको माध्यमद्वारा बुद्ध शासनलाई संरक्षण दिनुपर्ने आवश्यकता भएको कुरा बताउनुभयो । पुस्तकको विमोचन गर्नुहुँदै बोधिज्ञान भन्तेले यसरी दुर्लभ पुस्तकहरूको प्रकाशन गरी पठनपाठनमा जोड दिने प्रयास आफैंमा सराहनीय भएको बताउनुभयो । 'आमाघर'का संस्थापक श्री श्रवणबहादुर नेपालीले 'आमाघर'को इतिहास र क्रियाकलापमाथि प्रकाश पार्नुभयो । श्री सानुभाई डंगोलज्यूको सभापतित्वमा सञ्चालित उक्त विमोचन समारोहमा श्री सुनील महर्जनले स्वागत मन्तव्य र श्री गम्भीर शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने श्री सानुमैंयाँ शाक्यले उद्घोषण गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

बा.अ.का.द.नं. - ७०/०४०/४१ म.क्षे.हु.नि.द.नं. १७/०६५/६६

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*बुन्हि :*
*२००८ कार्तिक २८ गते*

*मदुगु न्हि :*
*२०७० असोज १ गते*

# दि. सानुकिरण श्रेष्ठ (राम)

जिमि स्याः न्याःम्ह पासा **सानु किरण श्रेष्ठ**
आकाभ्काकां मदुगुलिं सुखावती भूवनय् वास लाय्मा धकाः
कामना यासें दुःखंकःपिं छ्यैंजः पिसं अनित्य संसारयात लुमंकाः
धैर्य धारण याय् फय्मा धकाः बिचाः हाय्काच्वना ।


## विचाः हाय्कूपिं :–

| | | |
|---|---|---|
| निल मान सिं तुलाधर | ज्ञानीरत्न तुलाधर | अमृतरत्न ताम्राकार |
| अगम्यरत्न कंसाकार | प्रेमकुमार शाक्य | रोशनकाजी तुलाधर |
| स्वयम्भूरत्न तुलाधर | प्रेमकाजी बनिया | दीपकरत्न शाक्य |
| उद्योगरत्न तुलाधर | वरदेश मानन्धर | विद्यासागर रञ्जित |
| ज्योतिरत्न स्थापित | विकास मानन्धर | मदनरत्न मानन्धर |
| | चन्द्रेशरत्न तुलाधर | |

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालयः १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोनः ४४३४८५०, ४४३४७५३ | फ्याक्सः ४४३३९२९ | newnepalpress@gmail.com
सम्पर्क कार्यालयः शुक्रपथ, काठमाडौं | फोनः ४२५९०३२, ४२५९४५० | फ्याक्सः (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
## A BUDDHIST MONTHLY

चित्रकार- भिक्षु उत्तमो

अशक्त पाठोलाई मैत्रीपूर्वक बोकेर सुम्सुम्याउनु हुँदै भगवान् बुद्ध


**वर्ष-३१; अङ्क-७** **बु.सं. २५५७, सकिमना पुन्हि**



Downloaded from http://www.dhamma.digital

# लूगु निभाः

✍ नबीन चित्रकार

यःम्ह म्ह्याय्‌कथं
थ्व धरती पिलूवम्ह छ,
अय् ! धम्मवती
छंगु कोकिल कण्ठं सलल बाः वइगु
धर्म देशना
नुगः नुगलय्
माक्कुगु निभाः जुयाः थिनाच्वनी ।

बैशया मुखु ब्यना वःगु इलय्
बुद्धधर्मया प्याःचाः तायेकाः
थःगु देय्‌यात हाचां गायाः
वा वः, फय् वः, पित्याःया च्यूता मकासें
जंगल जंगलं बर्मा थ्यंकः वंम्ह छ,
जेलनेलया तकनं वाःचा मतसें
थःगु प्याःचाःया बुँगाःचा लुइकेफुम्ह
स्वतन्त्रताया चिंतक छ,
छंगु च्वसाय् ह्वःगु अल्याख खँग्वःत
न्हचाबलें न्हचाबलें हलिमय् थ्वैच्वनी ।

सुख दुःखया च्यूता मकाइम्ह
दुःख फुक्कं थःपिसं कयेच्यानाः
सुख फुक्क इनाः बीम्ह
बौद्ध ग्रन्थं भ्रूचाःम्ह
जननी जन्मभूमिश्च स्वर्गादपि गरायसि
धैगु भावय् थःत प्याकाः
बुद्धं न्हापांगु पलाः छीगु भूमी
थेरवाद बुद्ध शासनया कुलां चकंकेत
छं या; गु ज्वः मदुगु संघर्ष
सकल जनपिं कुशल मार्गया निभालय् च्वने खन ।

ज्ञान गुणया धुकू खःसां
भ्याः भति हे अभिमानया किचः मदुम्ह
सरल जीवन शैलिं दिनचर्या न्ह्याका च्वंम्ह
अय् ! छ करुणा निदान, दयासागर
देय्‌या कुंकुलामय् जक मखु
तापाले थ्यंक धर्म देशना याना जुइम्ह
चिकुलाया निभाः खः छ ।

सासन धज धम्मचरिय पदं छायेप्यूम्ह
नेपाः देय्‌या हे गर्व छ,
मान सम्मानं बिलिबलि जाःसां
करुणा हृदय न्ह्याबलें छंके,
बौद्ध नारी जगतया न्ह्यलुवाः खः छ,
थी थी थासय् कचा ह्वयेकाः
शिष्यतय्‌गु भविष्य चकंकाः
बुद्ध धर्मया जः इना बिइम्ह
न्हाब्लें न्ह्याब्लें न्हुकथं चिन्तन याइम्ह
थेरवाद शासनया न्ह्यलुवाः खयाःनं
सकल धर्मया वाद कयेच्यानाः
मंका दबू जुयाः न्ह्यज्याये फुम्ह ।

छन्त ल्वचं कःगु बुखँ न्यनाः
सकल जनपिनिगु नुगः भाराभारा
हाकुगु सुपाचं त्वपूवल बौद्ध जगतया लँपुइ
लिमला फमला भन्ते, गुरुमां, उपासक उपासिकापिसं
दुनुगलंनिसें भिं-उसाँय्‌या कामना यासें
परित्राणया ध्वनी गुञ्जायमान याःगु जुल ।
स्वस्वखंके छंगु ल्वय् सालुयावन
मुसुं न्हिलाहल बौद्ध जगतया आकाश
अबोध बालकया मुस्कानथें
छंगु ख्वालय् न्ह्चसू दंवल
निर्भयया किचः खने दयेक ।

प्याःचाः न्हचाबलें दया च्वनि
सकल जन मानसयाके
छंगु कोकिल कण्ठं प्याहाँ वइगु
अमृतवाणि न्यनेत,
धर्मया कीर्ति दे न्यंक्कं ब्वलंकूम्ह
धन्य धन्य अय् ! धम्मवती
सकल नुगःया ढुकढुकि
नेपाः देय्‌या गौरव छ ।

*(साभार- 'चिरसम्मानित गुरुमां धम्मवती' पुस्तकबाट)*

Downloaded from http://www.dhamma.digital